वर्ष : १७, अंक : २९, काठमाडौं, २०७८ कार्तिक १९ गते शुक्रबार, 5 November 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# सत्ताका वरिपरि किन घुमिरहन्छन् उपेन्द्र यादव ?

**मधेशवाणी डेस्क**

काठमाडौं । जनता समाजवादी फोरम अहिले प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारमा सहभागी छ । उपेन्द्र यादव नेतृत्वको जसपा पाँच दलीय गठबन्धनको सरकारमा सहभागी भएको हो । उनको पार्टी फुट्नु अघि केपी ओली नेतृत्वको सरकारमा पनि सहभागी भएको थियो । पछि ओली सरकारबाट राजीनामा दिएर निस्केपछि उनले ओलीको विरोध गरे । ओलीले संसद विघटन गरेपनि उनले कांग्रेस र तात्कालीन नेकपामो प्रचण्ड-माधव कुमार नेपाल समूहसँग मिलेर ओलीको कदमको विरोध गरे । सर्वोच्च अदालतबाट संसद पुनर्स्थापित भएपछि बनेको देउवा सरकारमा यादव आफै सहभागी नभएपनि पार्टी चाँही गएको छ ।

**सत्ताबाट पछि छैन यादव**

पहिलो सविधानसभा चुनावमा देशको चौथो ठूलो दलको रुपमा तत्कालीन संघीय समाजवादी फोरम नेपाल आएपछि यादव तत्कालीन माओवादीका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारमा २०६५ भदौमा परराष्ट्रमन्त्रीमा नियुक्त भएका थिए ।

त्यतिबेला उनले नौ महिनासम्म परराष्ट्रमन्त्रीको रुपमा काम गरेका थिए । प्रचण्ड नेतृत्वको सरकार ढलेको २० दिनपछि अर्थात २०६६ जेष्ठ ९ गते तत्कालीन एमालेका नेता माधवकुमार नेपालको नेतृत्वमा सरकार गठन भएको थियो । त्यो सरकारमा जान उपेन्द्र यादवले पनि चाहना राखेका थिए । तर, तत्कालीन फोरमका नेता विजयकुमार गच्छदारले सरकारमा जान जिद्दी गरे । यादव र गच्छदारवीच विवाद भएको थियो । यादवसँग कुरा नमिलेपछि गच्छदारले पार्टी फुटाए । मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) गठन गरेर गच्छदार माधवकुमार नेतृत्वको सरकारमा सहभागी भए ।

गच्छदारले पार्टी फुटाएर सरकार सहभागी भएपछि उपेन्द्र यादव बाहिरै बसे ।

नेपालपछि झलनाथ खनाल नेतृत्वको सरकारमा चार बुँदे सम्झौता गरेर उपेन्द्र यादव पनि सहभागी भए । त्यो सरकारमा उनी उपप्रधान तथा पराराष्ट्रमन्त्री भएका थिए । तर, खनालको सरकार धेरै लामो समयसम्म टिकेन् । त्यसपछि तत्कालीन माओवादीका नेता डा.बाबुराम भट्टराई प्रधानमन्त्री बने । दुईटा सरकारमा उनी १५ महिनासम्म परराष्ट्रमन्त्रीको रुपमा काम गरेका थिए ।

बाबुराम भट्टराई नेतृत्वको सरकारमा अन्य सबै मधेशवादी दल सहभागी भए, तर उपेन्द्र यादवको पार्टी सहभागी भएन ।

डा.भट्टराईको नेतृत्वमा सरकार गठन हुने बेला जयप्रकाश गुप्ताले पार्टी विभाजन गरे । गुप्ता सरकारमा सहभागी भएका थिए ।

त्यसपछि उपेन्द्र यादव लगातार आन्दोलनमा लागि रहे । २०७० मा पहिलो सविधानसभा विघटन भएपछि भएको दोस्रो सविधानसभा चुनावमा उपेन्द्र यादवको पार्टीले त्यति राम्रो उपलब्धी हासिल गर्न सकेन ।

त्यसपछि पनि उनी सरकारमा सहभागी भएनन् । मधेशमा विरोधका वावजुद सविधानसभाबाट सविधान निर्माण भयो । तीनटै तहको चुनाव भयो ।

फोरम नेपाल सबै चुनावमा भाग लियो । देशैभरि उम्मेदवारी दिएपनि महत्वपूर्ण उपलब्धी प्रदेश २ मा मात्र भयो । त्यही उपलब्धीका करण उसले त्यहाँ राजपा नेपालसँग मिलेर सरकार बनाउन पनि सफल भयो ।

तत्कालीन एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो नेतृत्वमा सरकार गठन गर्न लाग्दा सप्तरीमा रहेका उपेन्द्र यादवलाई काठमाडौं बोलाएर सरकारको विषयमा छलफल गरेका थिए । त्यतिबेला पनि उपेन्द्र यादवले सरकारका विषयमा सकारात्मक भएका थिए ।



तर, सविधान संशोधनको विषयमा केही न केही गर्नुपर्ने अडान लिएपछि शुरुकै चरणमा सरकारमा सहभागी उनका पार्टीले सकेन ।

तर, पार्टीमा मन्त्रीको विषयमा विवाद भएपछि त्यतिबेला पनि सरकारमा सहभागी हुन सकेन । ओली नेतृत्वको सरकारमा सहभागी हुन उपेन्द्र यादवले तीन महिना कुर्नु परेको थियो ।

यादव सत्ताकै वरिपरि घुम्नुको पहिलो कारण आफू सरकारबाट बाहिरिनासाथ मधेशमा आफ्नो प्रतिद्वन्द्वीको रूपमा रहेको लोसपालाई सत्ताको आडमा कमजोर बनाउनु हो । सरकारमा रहँदा कतै न कतै त्यसले स्रोतसाधन दिन्छ । त्यसैले सत्तासँग नजिक हुँदा कार्यकर्तालाई ठिक ठाउँमा राख्न सकिन्छ भन्ने पनि यादवको आंकलन छ । सत्तामा भएपछि कार्यकर्तालाई रिझाएर दुरुस्त राख्न सकिने मनोविज्ञान यादवको छ । यादवले कुनै पनि सरकार नछोड्नुको अर्को कारण स्वयं यादवको सत्ताप्रतिको आशक्ति नै हो । यादव एकदमै सत्तालिप्सा भएको व्यक्ति हुन ।सुरुदेखि उनको पृष्ठभूमि हेर्दा उनी जसरी पनि सत्तामा बसिरहन चाहन्छन् । यी र यस्ता तर्कका माझ उपेन्द्र यादवको पार्टीले सरकार नछोड्नुको पछाडि एउटा अर्को कारण पनि हुन सक्ने कतिपयको ठम्याइ छ ।

त्यो हो गौर हत्याकाण्ड भनेर चिनिने रौतहटमा २७ जनाको ज्यान जानेगरी भएको घटनाबारे अनुसन्धानको फाइल खोल्न सकिने डर । रौतहट जिल्लाको गौरमा भएको 'हत्याकाण्ड' मा उपेन्द्र यादवको नाम पनि जोडेर हेर्ने गरिएको छ । २०६७ साल चैत ७ गते गौरमा यादव नेतृत्वको तत्कालीन मधेशी जनाधिकार फोरम र तत्कालीन नेकपा माओवादी सम्बद्ध मधेशी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताबीच भएको झडपका क्रममा २७ जना मारिएका थिए ।

**संशोधन नारा मात्र**

संविधान जारी भइसकेपछि मधेशवादी दलले संविधान संशोधनको मुद्दालाई अगाडि बढाएका थिए । 'संविधानमा मधेशीलाई कुनै अधिकार दिइएको छैन', 'यो रद्दीको टोकरीमा फ्याल्ने खालको संविधान हो' भन्दै उपेन्द्र यादवले सबैभन्दा कडा रुपमा प्रस्तुत हुने गरेका थिए । उनले त संविधान नै खारेज गर्नुपर्ने माग पनि गरेका थिए । संविधान खारेज गरी पुनः लेखन गर्नुपर्ने माग पनि उनले उठाएका थिए ।

यो विषय तत्कलिन मधेशी मोर्चामा विवादको विषय बनेको थियो । उपेन्द्र यादवले संविधान पुनःलेखनको कुरा राखिरहँदा अन्य नेताहरुले संविधान पुनःलेखन होइन, संशोधन गर्नुपर्ने कुरा उठाएका थिए । अध्यक्ष यादवले भने 'संविधान संशोधन नभए मधेशले आफ्नो संविधान आफैले लेख्ने' सम्मको अभिव्यक्ति दिएका थिए ।

अहिले ती धम्की र अडान सबै हराएका छन् । २०७२ असोज ३ गते संविधान निर्माण भएदेखि संविधान संशोधनको मुद्दा उठाउँदै आन्दोलनमा उत्रिएका मधेशवादी दलहरु यतिखेर सेलाएका छन् । तर, राजपा नेपालका उपाध्यक्ष वृषेशचन्द्र लाल भन्छन्, 'हामी सेलाएका छैनौं, संविधान संशोधनको मुद्दामा हामी कायमै छौं । संविधान संशोधन, आन्दोलनकारीलाई रिहा, मुद्दा फिर्ता लगायतका मुद्दामा हामी संघर्षमै छौं ।'

सरकारसँग संविधान संशोधन गर्नुको विकल्प नरहेको बताउँदै उनले संविधान संशोधन नगरे यसको हिसाब-किताब जनताले लिने चेतावनी दिए । 'सरकारले संविधान संशोधनको मागलाई वेवास्ता गरेको जस्तो देखिएको छ, राजतन्त्र, हिन्दु राष्ट्र, स्वतन्त्र देश चाहनेहरुसँग वार्ता गरिरहेको सरकारले मधेशी आदिवासी, जनजाति, मुस्लिम, दलित, पिछडिएका वर्गको अधिकारका लागि माग गरिएको संविधान संशोधनलाई वेवास्ता गरेको देखिन्छ जुन हितकर होइन,' उनले भने ।

मधेशी दलको असन्तुष्टिको बीचमा जारी भएको संविधान अझै विवादास्पद छ । २०७२ साल साउनको अन्तिम साता संविधान जारी हुने 'कन्फर्म' भएपछि मधेशवादी दलले भदौ १ गतेदेखि आन्दोलन चर्काउन निर्णय गरेको थियो ।

**आन्दोलन**

भदौ १ गतेखि शुरु भएको आमहड्ताल भदौ ६ गतेदेखि नाकाबन्दीमा परिणत भएको थियो । असोज ३ गतेसम्म आइपुग्दा आन्दोलनको क्रममा ४० जनाले सहादत दिइसकेका थिए । तैपनि संविधान निर्माणको कार्य रोकिएन । यहाँसम्म कि संविधान जारी हुनुभन्दा पहिले भारतीय विदेश मन्त्रालयका सचिव एस जयशंकर आएर केही दिन संविधान निर्माण कार्य रोक्न दबाब पनि दिएका थिए ।

त्यो दबाबको ख्याल गर्दै मधेशवादी दलसँग सहमतिका लागि दुई दिनका लागि संसद पनि स्थगित गरिएको थियो । तर, त्यो दुई दिनमा मधेशवादी दलसँग सहमति त के वार्ता समेत हुन सकेन ।

असोज ३ गते संविधान जारी हुँदा राजधानीलगायत देशका अन्य भागमा दीपावली मनाइएको थियो भने मधेशमा ब्ल्याक आउट गरिएको थियो । यो संविधानलाई कुनै पनि हालतमा स्वीकार नगर्ने भन्दै मधेशवादी दल अर्थात तत्कालिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले आन्दोलन झन् चर्काएको थियो ।

संविधान जारी भइसकेपछि तत्कालिन एमालेको नेतृत्वमा गठन भएको सरकारसँग मधेशी मोर्चाको सम्बन्ध झन् टाढिँदै गयो । त्यो बेला मधेशी मोर्चाले ओली नेतृत्वको

बाँकी पृष्ठ २ मा

## लोकतन्त्र संस्थागत गर्न संविधान संशोधन आवश्यक : बाबुराम भट्टराई



लहान । जनता समाजवादी पार्टी (जसपा)का संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले लोकतन्त्र संस्थागत गर्न संविधान संशोधन आवश्यक रहेको बताएका छन् । आइतबार सिरहाको गोलबजार नगरपालिका-९ डण्डाटोलमा जसपा सिरहाले आयोजना गरेको शुभकामना आदानप्रदान तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले वर्तमान संविधानले सबै वर्ग, क्षेत्र, समुदाय र लिङ्गलाई समेट्न नसकेकाले संशोधन गरी सर्वस्वीकार्य बनाउनुपर्ने बताए ।

'लोकतन्त्रमा सबै जाति, भाषा, धर्म, समुदाय र लिङ्गको राज्यसत्तामा सामानुपातिक पहुँच हुनुपर्छ,' उनले भने । राज्यको हरेक अंगमा सामानुपातिक प्रतिनिधित्वले मात्र हिमाल, पहाड, तराईलाई एकजुट भएर अगाडि बढ्न सहयोग पुग्ने भन्दै पूर्वप्रधानमन्त्री समेत रहेका भट्टराईले संविधान संशोधन गरी नयाँ संघीय व्यवस्था स्थापना गर्ने आफ्नो पार्टीको लक्ष्य रहेको बताए । 'आउने स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पार्टीलाई एक नम्बरको पार्टी बनाउन लाग्नुहोस्,' उनले अगाडि भने, 'तपाईंहरू संगठन विस्तार, सुदृढीकरण र प्रचारमा जुट्नुस्, हामीले आज गरेको मेहनतले भोलि परिणाम दिने हो ।'

## संविधान संशोधनको विषय दलहरूको झुटो आश्वासन : गच्छदार

विराटनगर । नेपाली कांग्रेसका उपसभापति विजयकुमार गच्छदारले अहिले पनि ठूलो हिस्साले वर्तमान संविधानको स्वामित्व लिन नसकेको बताएका छन् । यसप्रति असन्तुष्टि, टीकाटिप्पणी र आलोचना गर्ने अधिकार यही संविधानले प्रदान गरेको भन्दै उनले आवश्यक परे संविधानको संशोधन गर्नुपर्ने धारणा व्यक्त गरे ।

बुधबार विराटनगरमा नेपाल प्रेस युनियन मोरङले आयोजना गरेको पत्रकार सम्मेलनमा गच्छदारले भने, 'झुटो आश्वासनका कारण संविधान संशोधनको विषय दलहरूको प्राथमिकतामा परेको छैन ।' उनले संविधानले शक्ति पृथकीकरणको सिद्धान्तअनुसार न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाबीचको शक्ति सन्तुलनको स्पष्ट व्यवस्था गरे पनि सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीशको भूमिकालाई लिएर भइरहेको गतिविधिले त्यस विषयमा प्रश्न उठेको बताए ।

कांग्रेसको विधान एकांगी र खास उद्देश्यबाट प्रेरित र पूर्वाग्रही रहेको भन्दै उनले खास समूहलाई लक्षित गरी चलाउँदा ऊँटजस्तो बनेको टिप्पणी गरे । 'निहित स्वार्थ मात्र पूरा हुने गरी विधान, नियमावली र निर्देशिका संशोधन हुँदा त्यसले सिंगो पार्टीलाई हानि गरेको छ,' उनले भने । पार्टीमा पदाधिकारी समेतको निर्वाचन गर्ने प्रणालीले गुटबन्दीको बिजारोपण गरेको उनको भनाइ छ ।

उपसभापति गच्छदारले पार्टीको विधान संविधानजस्तै मूल कानुन भएको तर कांग्रेस विधान संशोधन गरिँदा स्वार्थ समूहलाई फाइदा भएको र पार्टीमा योगदान दिने निष्ठावान्हरू उदासीन बनेको उल्लेख गरे । अब राजनीतिमा फेरि सक्रिय बन्ने गच्छदारले बताए ।

## जनमत पार्टीले गऱ्यो दोस्रो चरणको आन्दोलन घोषणा

जनकपुरधाम । डा. सीके राउत नेतृत्वको जनमत पार्टीले दोस्रो चरणको आन्दोलनको घोषणा गरेको छ । पछिल्लोपटक खानेपानी तथा ढल निकासका कर्मचारीमाथि दुर्व्यवहार गरेर चर्चामा आएको जनमत पार्टीले विभिन्न मागसहित दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेको हो । जनमत पार्टीले कर्मचारीमाथि दुर्व्यवहार गरेपछि पक्राउ परेका कार्यकर्ताको रिहाइ, भ्रष्टाचार अन्त्यलगायतका मागसहित आन्दोलनको घोषणा गरेको हो । जसअनुसार कात्तिक १७ गते टोल-टोलमा पार्टीको टिसर्ट लगाएर सरसफाइ गर्ने, कात्तिक १८ देखि २६ गतेसम्म डा. सीके राउतको जीवनी भिडियो प्रदर्शन गर्ने र छठ घाटमा पर्वभन्दा अघि र पछि सरसफाइ गर्ने कार्यतालिका रहेको छ । यस्तै, कात्तिक २८ गते युवा दस्ता निर्माणका लागि हरेक वडामा प्रशिक्षक तोक्ने कार्यक्रम जनमतले अघि सारेको छ । मंसिर ५ गतेसम्म दोस्रो चरणको कार्यक्रम जारी रहने बताइएको छ ।

## रामायण नेपाल-भारत सम्बन्धको सेतु : महतो

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले नेपाल-भारत सम्बन्धलाई बलियो बनाउनको लागि कलाकारहरुको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । भारतको अयोध्यामा हुने अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक कार्यक्रममा सहभागिताको लागि जनकपुरको मिथिला नाट्य कला परिषद्का कलाकारहरुको विदाई कार्यक्रममा बोल्दै महतोले सो कुरा बताएका हुन् । उनले नेपाल भारतबीचको संस्कृतिले सम्बन्धलाई बलियो बनाउने काम गरेको पनि उल्लेख गरे । राम र सीताबीचको सम्बन्ध रामायणकालिन भएकै कारणले आफूहरुले नेपाल-भारत सम्बन्धलाई बेटीरोटीको सम्बन्ध बताउँदै आएको उनले बताए । वरिष्ठ नेता महतोले सीता बिना सम्पूर्ण रामायण नै अपुरो रहेको भन्दै रामायणले नेपाल-भारतको सम्बन्धलाई जोड्नमा सेतुको काम गरेको बताए । उनले मिथिलाको कला क्षेत्र पौराणिक कालदेखि नै उन्नत रहेको बताउँदै यसको विकासमा आफ्नो तर्फबाट हुने सबै प्रकारको सहयोग गर्ने बताए । मिथिला नाट्य कला परिषद्ले मिथिला संस्कृति र यसको विकासको लागि खेलिरहेको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ छ ।

**समय सन्दर्भ**

जयप्रकाश गुप्ता



## हराएको 'न्हु दँया भिन्तुना'

समयले आन्दोलनहरूको तानाबानालाई धुजाधुजा पार्दछ । मधेश आन्दोलन अहिले सत्ताको नदीमा तैरिईरहेको कागजको नाउ जस्तो भएको छ । आदिवासी जनजाति आन्दोलन वर्षमा एक पटक साकेला-लोसारको दिन टुडिखेलमा देखिन्छ । यसका अभियन्ताहरू एमाले ठिक कि माओवादी भन्ने बिथ्था बहसमा दिन खर्चि रहेका छन् । दलित आन्दोलनको उपस्थिति 'संयुक्त राष्ट्रसंघ विभेद विरूद्धको दिवस' का दिन सेमिनारहरूमा रहन्छ । काठमांडू मण्डलबाट शुरू भएको शायद नेपालकै सबभन्दा सशक्त पहिचानको आन्दोलन अहिले पूर्णतः 'न्हु दँया भिन्तुना' मा अल्पपरिभाषित भएको छ । यसले गौतम बुद्धको मुखाकृतिमा यौटा 'मिथ' लाई प्रतीक बनाएर सालाना उत्सवमा रूपान्तरित भएको हुन गएको छ । यहाँ अब प्रो. मानिकलाल प्रधान, पद्मरत्न तुलाधर, प्रो. कमल प्रकाश मल्ल, मल्ल के. सुन्दरहरूको शंखनाद सुनिन्न । भिन्तुना आन्दोलनको गर्भमा रहेको बिद्रोही आवाजलाई नायकहरूले अहिले डिजिटल संसारको 'अडियो अर्काईव' मा राखेर शताब्दी पुरूषको जीर्ण काँधमा खादाको भार थपि रहेको पाइन्छ ।

> मधेश आन्दोलन अहिले सत्ताको नदीमा तैरिइरहेको कागजको नाउ जस्तो भएको छ । आदिवासी जनजाति आन्दोलन वर्षमा एक पटक साकेला-लोसारको दिन टुडिखेलमा देखिन्छ ।

नेपाल सम्वतको अभियान काठमांडूबाट जन्मेको प्रजातान्त्रिक आन्दोलनको सहयात्री थियो । पहिचानको खोजी तथा त्यस बखत अदृश्य झैं रहेको संघात्मक शासनको मांगको आधारभूमि तयार गरिरह्यो यस आन्दोलनले । राजतन्त्र, संसारमा जहाँको होस-तेसले यौटा धर्म, एक भाषा र पहिरन तथा खास स्वार्थ भएकोहरूको सम्वर्धन गर्ने शासन व्यवस्था बोकेको हुन्छ । नयाँ बर्षको रूपमा बिक्रमी सम्वतको सट्टा नेपाल सम्वत, ठेठ नेवारी बोलीमा बिद्रोही आवाजको अभिव्यक्ति, राजकीय लवेदा शुरूवालको ठाँउमा भादगाँले महिला पुरूषको पहिरन र राजाले गरेको भूईफुट्टा वर्गको विकासलाई चुनौति दिन काठमांडूका सडकहरूमा निस्कने खर्पन बोकेकाहरूको जुलुस बास्तवमा 'न्हु दँया भिन्तुना' आन्दोलनको 'बिचार' थियो, बिद्रोहको 'फिलुडङ्गो' थियो । पंचायति एकात्मवादी राज्य व्यवस्थाको केन्द्र राज दरवार र अनुचर सिंहदरवारलाई यसले दशकौंसम्म दिएको धक्का बिर्सन सकिन्न् ।

आज त्यो अवस्था छैन । बुढानिलकण्ठको दर्शन झैं बर्जित थियो राज दरवारका लागि 'भिन्तुना' मा शुभ कामना दिनु । आज फालिएका राजाको 'इन्द्रजात्रा' मा उपस्थिति देखिन्छ-यो काठमांडूमा । यो ओरालोपन एक्लो काठमांडूको होईन, मधेशी-जनजाति सबै तिर देखिन्छ । 'न्हु दँया भिन्तुना' मानाईदैछ । राजनीति निरपेक्ष रूपमा। मिथकलाई स्थापित गराउने मांगको परम्परा निर्वाह गरेर । तर, यो आन्दोलन थियो अतितको, जसले मुलुकलाई प्रजान्त्रिकिकरण गर्नको लागि पूरक रहेको थियो । जातीय, भाषिक, क्षेत्रीय र सामुदायिक पहिचानको जग बनाएको थियो । नेपालको प्रजातान्त्रिक आन्दोलनको समग्र अध्ययन यसले दिएको शक्तिको अनदेखा गरेर पुरा हुदैन ।

## सम्पादकीय

# राजनीतिक अन्ध्यारो हटोस्

तिहार अर्थात् दिपावलीलाई अँध्यारोबाट उज्यालोतर्फ लाग्ने पर्वका रुपमा मानिएको छ। औंसीको रात दीपावली गरी लक्ष्मीपूजा गर्ने र तिहारको अन्तिम दिन कार्तिक शुक्ल द्वितीयाको दिन दिदीबहिनीले आफ्ना दाजुभाइलाई दीर्घायुको कामना गर्दै पूजा गरी टीका लगाइदिने चलन छ।

वर्षदिनमा आउने हरेक पर्वहरुका आ-आफ्नै विशेषताहरु हुन्छन्। त्यसमा पनि तिहार अझै महत्वपूर्ण मानिएको छ। यसका सांस्कृतिक पक्षहरु अत्यन्त उत्कृष्ट छन्। जीवनवृत्तिका लागि हरेक व्यक्ति आ-आफ्ना कार्य व्यस्ततामा जुटे पनि आफन्त, परिवारजन, इष्टमित्र सबैलाई मिलन गराउने पर्व हो, तिहार। आफ्ना दाजुभाइ दिदीबहिनी नहुनेले पनि यो पर्वमा 'रगतको नाताभन्दा भावनाको नाता ठूलो हुन्छ' भन्ने मान्यताका साथ नयाँ सम्बन्ध स्थापित गरेर टीका लगाउँछन्। एकताको सूत्रमा जोड्ने, भावनात्मक सम्बन्ध विकसित गर्ने, महिलालाई सम्मान गर्ने, देउसीभैलो, सांस्कृतिक कार्यक्रम र मीठो-चोखो खाएर रमाइलो गर्ने यो पर्व आफैंमा संस्कृतिमय छ। असत्यविरुद्ध सत्यको, अन्धकारविरुद्ध प्रकाशको, निराशाविरुद्ध आशाको पर्वले मधेशी समाजलाई छपक्कै छोपेको छ। रावणको बध गरी भगवान् राम अयोध्या फर्केर राज्याभिषेक गरेपछि मनाइएको उत्सवका दिनलाई दीपावलीका रूपमा मनाउन थालिएको किंवदन्ती मधेशी समुदायमा छ।

अहिले जसपा सरकारमा छ। दृश्य र अदृश्य शक्तिहरूको खेलमा नेपालका राजनीतिक पात्रहरू विशेषगरी मधेशी दलहरूको

**रावणको बध गरी भगवान् राम अयोध्या फर्केर राज्याभिषेक गरेपछि मनाइएको उत्सवका दिनलाई दीपावलीका रूपमा मनाउन थालिएको किंवदन्ती मधेशी समुदायमा छ।**

गतिविधि द्विविधाजनक छ। संविधान जारी गर्दा त्यसको वैधानिकताविरुद्ध आन्दोलन तर त्यही संविधानमार्फत भएको बन्ने सरकारमा हुनु विरोधाभासपूर्ण हो। यो संविधान वर्तमान नेपालको एकीकरणदेखि नै निरन्तर रूपमा देशको धार्मिक, सांस्कृतिक र भौगोलिक रूपमा वैधानिकता प्राप्त राजसंस्था अलग्याएर २०६२ को जनआन्दोलनलाई वैधानिकता दिन जारी भएको हो। संविधानको प्रस्तावनामै नेपालको भौगोलिक, सामाजिक र राजनीतिक रूपमा एकीकरण गरी वैधानिक रूपमा स्थापित संस्थालाई भर्त्सना गर्दै रक्तपातपूर्ण हिंसात्मक आन्दोलन र अन्य शान्तिपूर्ण आन्दोलनलाई वैधानिकता दिन जारी वर्तमान संविधान र प्रक्रियाबाट दुइटा शक्तिले आफूलाई अलग्याउने घोषणा गरेसँगै राजनीति र संविधान संकटमा परेको छ।

यहाँ भुल्न नहुने कुरा के छ भने नेपालको आन्तरिक राजनीतिमा रणबहादुर शाहको समयदेखि नै एउटा समूहलाई राजनीतिक मूल प्रवाहबाट बाहिर राखिँदै आएको छ। अहिले पनि त्यसैको निरन्तरता नेपालको आन्तरिक राजनीतिमा छ। देशबाट भगाइएका रणबहादुर शाह कालान्तरमा नेपालको राजनीतिमा स्थापित भए। त्यसपछि माओवादीसम्मका समूहले त्यसैको निरन्तरता स्वरूपमा रहे। अहिले पनि विग्रहमुक्त अवस्थामा पुगेका राजनीतिमा सानै रूपमा भए पनि प्रभावकारी शक्तिहरूलाई बाहिर पुऱ्याइएको छ। सत्ता, शक्ति, कानुन, संविधान र वैधानिकताले राजनीति मात्र द्विविधामा छैन कि यसका पात्रहरू पनि द्विविधामा छन्। यो नै राजनीतिक संकटको कारण पनि हो।

राजनीतिक उदण्डता, अराजकता र जातीय र क्षेत्रीय घृणा, द्वेष र कुण्ठाको खेती गरेर राष्ट्र र राज्यलाई भाँच्न र भत्काउन त सकियो तर राज्य र राष्ट्रको एकता र सद्भावलाई बोक्ने सँस्था र संरचना निर्माण गर्न सकिएन। त्यसरी उत्पन्न अराजकता र अव्यवस्थालाई सामान्य संसदीय राजनीतिले सम्वोधन गर्न नसकिरहेको अवस्थामा जनमत र मुलुक राज्य संयन्त्र क्रमशः अधिनायकवाद मैत्री बन्दै गएको देखिन्छ।

# प्रदेश सरकारलाई सामुदायिक क्याम्पसको बारेमा थाहा छ ?



राकेश प्रसाद चौधरी

शिक्षामा बेतिथि छ तर अवस्था निराशाजन्तक भने छैन। यो क्षेत्रमा अझै धेरै सम्भावनाहरू छन्। यहाँ उच्च शिक्षा गराउने सामुदायिक क्याम्पसहरूको कमी छ। विश्वविद्यालयहरूको आंगिक क्याम्पसको संख्या नगण्य छन्। साक्षरतामा पछाडि रहेको प्रदेश २ मा उच्च शिक्षामा फड्को मार्ने प्रयत्न नीजि क्षेत्रबाट भइरहेका छन्। सरकारी क्षेत्रको सहकार्य अति आवश्यक देखिन्छ।

प्रदेश सरकारहरूले आ-आफ्नो क्षेत्रमा अप्राविधिक तथा विभिन्न विषयगत विश्वविद्यालय स्थापनामा तत्परता देखाइरहेका छन्। यस कार्यमा प्रदेश २ सरकारले समेत चाँसो र केही कार्य अगाडि बढाएको छ। हुनतः यस क्षेत्रमा राजर्षी जनक विश्वविद्यालयले बिना कुनै आंगिक, सामुदायिक अथवा नीजि क्याम्पस नै जनकपुरबाट अध्ययन अध्यापन गराइरहेको छ। यहाँ त्रिभुवन विश्वविद्यालयको धनुषा, सिरहा र सप्तरीमा एक/एक तथा पर्सामा दुईवटा आंगिक क्याम्पस छ। यस्ता क्याम्पसमा सम्बन्धित विश्वविद्यालयले अपनत्व र संरक्षकत्व हुन्छ। यस प्रदेशमा हालसम्म नेपाल संस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस महोत्तरी र धनुषामा छ। त्यही कृषि तथा वन विश्वविद्यालयको एउटा आंगिक क्याम्पस महोत्तरीमा छ। यस प्रदेशमा अहिलेसम्म अध्ययन प्रतिष्ठानहरूको कुनै आंगिक क्याम्पस छैन।

विश्वविद्यालय अनुदान आयोगको तथ्यांक अनुसार यस्ता क्याम्पसको संख्या प्रदेश १ मा २३, वागमतीमा ४८, गण्डकीमा १६, लुम्विनीमा १७, कर्णालीमा १८ तथा सुदुरपश्चिममा १९ छ। यस्ता आंगिक क्यामपसको संख्या प्रदेश २ मा ९ वटा मात्र छ।

प्रदेश २ ले विरगंज प्राविधिक विश्वविद्यालय तथा सप्तरी कृषि विश्वविद्यालय गठन सम्बन्धि अध्यादेश प्रदेश प्रमुख कहाँ पठाइसकेको छ। नामले नै यी विश्वविद्यालय विषयगत रह्ने देखिन्छ। यसको भविष्यबारे अहिले नै चर्चा गर्नु उचित नहोला। यहाँ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले समेत विषयगत अध्ययन अध्यापनमा अग्रसरता देखाउन थालेको छ। यी प्रयासहरू भइराख्दा प्रदेश सरकारले सामुदायिक क्याम्पसहरूको भविष्यबारे चिन्तित देखिएको छैन। सामुदायिक विद्यालयमा स्थानीय पालिकाको संरक्षकत्व भएजस्तै सामुदायिक क्याम्पसमा प्रदेश सरकारको संरक्षकत्व र अपनत्व आवश्यक छ।

यसका लागि प्रदेश सरकारले एउटा विश्वविद्यालय स्थापना गरि हाल त्रिभुवन विश्वविद्यालयको मातहतमा रहेका ४६ वटा सामुदायिक क्याम्पसलाई आफ्नै मातहतमा ल्याउन आवश्यक छ। विश्वविद्यालय अनुदान आयोगको सानोतिनो सहयोग र विद्यार्थीको शुल्कबाट संचालित यस्ता क्याम्पसको भविष्य अन्यौलमा छ भने यसमा अध्यापन गराउने स्थायी तथा अन्य प्रकृतिका ब्यक्तिको बृतिविकासमा निकै समस्या छ। यस ठाउँमा अध्यापन गराउने अधिकांश अन्य विद्यालय तथा क्याम्पसका स्थायी शिक्षकहरू नै हुने गर्छन्। घण्टी अनुसार पारिश्रमिक दिइने गरिन्छ। थप सुविधा भने केही छैन। क्याम्पस प्रमुख कुन ब्यक्तिलाई बनाउनेबारे संचालक समितिहरूकै मनोमानी चल्छ। संचालक समिति गठन प्रदेश वा स्थानीय सरकारको मातहतमा छैन।

प्रदेशभित्र विभिन्न विश्वविद्यालयबाट अनुमति लिई संचालित सामुदायिक क्याम्पसहरूबारे मन्थन गर्नु अतिआवश्यक छ किनभने प्रदेश र प्रदेशबाहिर टिक्न र बिक्न सक्ने जनशक्ति उत्पादन गर्न हाल संचालन रहेका सामुदायिक क्याम्पसहरू वरदान सावित हुन सक्छ।

यस प्रदेशभित्र सप्तरी र सिरहामा चार/चार, धनुषामा दुई, महोत्तरीमा तीन, सर्लाहीमा आठ, रौतहटमा १२, बारामा छ तथा पर्सामा दुई वटा सामुदायिक क्याम्पस रहेको विश्वविद्यालय अनुदान आयोगको तथ्यांकबाट प्रष्ट हुन्छ। यस्ता क्याम्पसमा स्नातक तथा स्नाकोत्तरसम्म अध्ययन अध्यापन हुनेगर्छ।

हुनतः नीजिस्तरमा विभिन्न विश्वविद्यालय तथा प्रतिष्ठानबाट अनुमति लिई संचालन भइरहेको क्याम्पस/कँलेजको अनुगमन गर्ने संयन्त्र प्रदेशभित्र आवश्यक छ। प्रदेश २ मा हालसम्म त्रिभुवन, पूर्वाञ्चल तथा नेपाल संस्कृत विश्वविद्यालयबाट मात्र अनुमति लिई संचालित यस्ता क्याम्पसको संख्या ७३ छ। विश्वविद्यालय अनुदान आयोगको तथ्यांक अनुसार देशभरका आंगिक, सामुदायिक र नीजि १४३६ क्याम्पसमध्ये प्रदेश २ मा जम्मा १२३ वटा छ।

महत्वपूर्ण विषय भनेको समुदायिक क्याम्पसमा पढ्ने र पढाउनेको भविष्यबारे बहस नै हुन सकेको छैन। ती क्याम्पसहरूसँग भएका स्रोत साधबारे गन्थन मन्थन हुन बाँकि छ। विभिन्न ब्यक्तिको नामबाट शुरुवात भएको क्याम्पसहरूमध्ये केही त्रिभुवन विश्वविद्यालयको आंगिक र केही समुदायिक क्याम्पसमा कसरी परिणत भएको होला भनेर अध्ययनहरू उतिकै आवश्यक छ। अधिकांश यस्ता उच्च शैक्षिक संस्थाको स्थापना गर्न विभिन्न ब्यक्तित्व एवं समाजका

**महत्वपूर्ण विषय भनेको समुदायिक क्याम्पसमा पढ्ने र पढाउनेको भविष्यबारे बहस नै हुन सकेको छैन। ती क्याम्पसहरूसँग भएका स्रोत साधबारे गन्थन मन्थन हुन बाँकी छ।**

अग्रणी चिन्तकहरूको लगानी छ।

यी ब्यक्तिहरूको सपना सकार गर्न तत्काल प्रदेश सरकारले सामुदायिक क्याम्पसको दीगोपनाबारे अध्ययन गर्न एक समिति गठन गर्न आवश्यक छ। हुनतः मैले छुट्टै विश्वविद्यालय बनाएर यी क्याम्सहरूको सम्बोधन गर्न सकिने सुझाव दिएपनि प्रदेश सरकारद्वारा गठित समितिको निष्कर्ष महत्पवूर्ण हुनेछ।

janukjha24@gmail.com

## सत्ताका...

तत्कालिन सरकारसँग ३६ पटकसम्म वार्ता गरेको थियो। मधेशमा सरकारको विरुद्धभन्दा पनि एमालेको विरुद्धमा आन्दोलन भइरहेको जस्तो माहौल बनेको थियो।

संविधान संशोधनकै लागि भएको आन्दोलनमा २० जना भन्दा बढीले ज्यान गुमाए। ६० जना भन्दा बढीले ज्यान गुमाई सक्दा पनि सरकारले नटेरेपछि मधेशी मोर्चाले राजधानी केन्द्रीत आन्दोलन शुरु गरेको थियो।

आदिवासी जनजाति सम्मलित मधेशी मोर्चाको ३३ दलीय तत्कालिन गठबन्धनबाट राजधानी केन्द्रीत आनदोलन शुरु गरेको थियो। सिंहदरवार घेराउदेखि लिएर बालुवाटारसम्म घेराउका कार्यक्रम तत्कालिन गठबन्धनले गर्यो। यहाँसम्म कि टुडिखेलमा एक महिनासम्म रिले अनसन पनि बसियो।

प्रचण्डको नेतृत्वमा दोस्रो पटक सरकार बन्दा मधेशी मोर्चाले तीन बुँदे सम्झौता गरेको थियो। त्यसमा संविधान संशोधनको विषय मुख्य विषय थियो। तत्कालिन प्रधानमन्त्री प्रचण्डले संविधान संशोधन गर्ने कुरामा प्रतिबद्ध पनि थिए। सोही प्रतिवद्धता अनुसार प्रचण्डले २०७३ मंसिर १४ गते संशोधन विधेयक संसदमा पेस गरेका थिए।

राज्य पुनःसंरचनासहितको सो विधेयकलाई एमालेले कुनै पनि हालतमा स्वीकार नगर्ने निर्णय गर्यो। संसदमा प्रस्तुत गर्न लाग्दा एमालेले पटक-पटक संसद अवरोध गरेको थियो। यसमा वार्ता पनि भयो तर सहमति कहिल्यै बन्न सकेन।

अन्त्यमा राज्य पुनःसंरचनाको विषय संघीय आयोगबाट टुगों लगाउने र बाँकी विषय विधेयकमार्फत टुङ्गो लगाउने सहमति भयो। मंसिरमा पेस गरिएको विधेयक प्रचण्ड नेतृत्वको सरकारले फिर्ता लिएर अर्को चार बुँदे नयाँ विधेयक संसदमा प्रस्तुत गर्यो।

त्यसलाई पनि एमालेले स्वीकारेन तर पहिलको विधेयकभन्दा यो विधेयकप्रति एमाले नरम देखिन्थ्यो। त्यसलाई पास गराउन धेरैपटक त्रिपपक्षीय, दुई पक्षिय वार्ता भए तर कहिल्यै सहमति हुन सकेन। संविधान सशोधन नभएसम्म कुनै चुनाव नहुने भनेका प्रचण्डले आफ्नै नेतृत्वको सरकारको पालामा चुनावको मिति घोषणा गरे।

### चुनाव

चुनावको मिति घोषणा भएपछि मधेशी मोर्चामा रहेका छ दल तमलोपा, फोरम गणतान्त्रिक, सद्भावना, नेपाल सद्भावना, तमसपा र रामसपाबीच एकीकरण भइ २०७४ वैशाख ७ गते राजपा नेपाल गठन भएको थियो। सो गठनसँगै मधेशी मोर्चा भंग भयो र उपेन्द्र यादव नेतृत्वको फोरम नेपालले चुनावमा भाग लिने निर्णय गर्यो।

संविधान संशोधन पनि हुने र चुनावको तयारी पनि गर्ने भन्दै मधेशी दललाई फकाएका प्रचण्डले बैशाख १४ गतेको पहिलो चरणको चुनाव गराएर जेठ १० गते आफ्नो पदबाट राजीनामा दिएका थिए। प्रचण्डले राजीनामा दिन लाग्दा मधेशी मोर्चाले नेताले संविधान संशोधन नगरिकन राजीनामा दिन पाइँदैनसम्मको दवाव दियो तर प्रचण्डले 'आफूले राजीनामा दिँदैमा केही फरक नपर्ने, गठबन्धन पुरानै हुने भएकाले जसरी पनि आफूले संविधान संशोधन गराउने' भन्दै मधेशी नेतालाई त्यतिबेला फकाएका थिए।

प्रचण्डले राजीनामा दिइसकेपछि पनि संविधान संशोधनका लागि प्रयास भयो। दोस्रो चरणको स्थानीय तहको चुनाव पनि आसार १४ गते सम्पन्न भयो। यी दुईटै चुनावमा फोरम नेपालले भाग लिएपनि राजपा नेपालले भाग लिएन।

यता संविधान संशोधनको वार्ता पनि शुरु थियो उता तेस्रो चरणका लागि दुई नम्बर प्रदेशमा चुनावको तयारी पनि भइरहेको थियो।

अन्त्यमा राजपा नेपालले विधेयक संसदमा प्रस्तुत गर्नुस् त्यहाँबाट जे परिणाम आउँछ त्यसलाई स्वीकार गर्ने सहमति गरेपछि तत्कालिन माआवादी केन्द्र र नेपाली काँग्रेसले त्यसै गर्यो। संसदमा पेस भएको संशोधन विधेयक फेल भयो। अन्ततः राजपा नेपालले त्यसलाई स्वीकार गर्दै असोज २ गते प्रदेश २ मा भएको स्थानीय तहको चुनावमा भाग लियो।

स्थानीय तहको चुनाव सकेपछि पुनःसंविधान संशोधनका माग राख्दै आन्दोलनलाई तीव्रता दिएको थियो। संविधान संशोधन नभएसम्म प्रदेश र प्रतिनिधिसभाको चुनावमा भाग नलिने चेतावनी दिएको थियो।

छवटा प्रदेशको चुनाव बहिष्कार पनि गर्यो तर दुई नम्बर प्रदेशको चुनावमा भाग लियो। मधेशवादी दलले प्रदेश र प्रतिनिधिसभा चुनावमा संविधान संशोधनको मुद्दालाई चुनावी नारा बनाएका थिए। त्यसैका आधारमा चुनाव पनि जिते।

प्रदेश र प्रतिनिधिसभा चुनाव जितेको राजपा नेपालले संघीय सरकारलाई संविधान संशोधन गर्ने शर्तमा समर्थन गरेको थियो। तर सरकारलाई समर्थन गरेको एक वर्ष बितेपनि सरकारले त्यो शर्त पुरा गरेन। अन्नतः राजपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लियो।

समर्थन फिर्ता लिएसँगै अहिले संविधान संशोधनको मुद्दा पनि हराएको छ। भदौ २ गते प्रदेश २ को प्रदेशसभा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले संविधान संशोधन हुने कुरा प्रतिबद्धता जनाएका थिए। प्रधानमन्त्रीको सम्बोधनपछि मधेशवादी दलका नेताहरु खुशी भएका थिए।

त्यसपछि जनकपुरमै भएको एउटा कार्यक्रममा नेकपाका अध्यक्ष प्रचण्डले संविधान संशोधनको विषयमा प्रधानमन्त्री ओली, फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव र आफूबीचमा छलफल भइरहेको छ केही दिनमा टुङ्गिने बताएका थिए। तर त्यो 'केही दिन' अहिलेसम्म आएको छैन।

# न्यायपालिकामा शुद्धिकरण भए मात्रै जनआस्था कायम रहन्छ



सुरेन्द्र महतो

वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत

**० न्यायालयभित्र अहिले देखिएको विसंगति र बेथितिलाई कसरी हेर्नुभएको छ ?**

– न्यायपालिकालाई खतराबाट बचाउनुपर्छ। न्यायपालिका भनेको जनताको न्यायको अन्तिम उपाय हो। जब समाजमा राष्ट्र र सरकारले न्याय गर्दैन र कुनै पनि उपाय लागेन भने अन्तिममा कानूनबमोजिमको न्याय प्राप्तिका लागि पीडितहरु अदालत जाने हो। अदालतबाट उनीहरुको ठूलो आश हुन्छ कि यहाँबाट त न्याय पाइन्छ भन्ने कुरोमा। तर न्यायपालिकामै बेथिति, विकृति, भ्रष्टाचार, राजनीतिकर्मीहरुको प्रभाव अत्याधिक मात्रामा बढ्दै गयो भने न्याय मर्छ र न्याय प्राप्ति हुन सक्दैन। त्यस्तो विकृति, विसंगति, भ्रष्टाचारहरु देखिएको अवस्थामा न्यायपालिकालाई माया गर्ने, न्यायपालिकाको मर्यादालाई कायम गर्ने, न्यायालयप्रतिको जनआस्थालाई कायम गर्नका लागि पनि शुद्धिकरणको कामहरु गर्नुपर्ने हुन्छ र शुद्धिकरण भयो भने मात्रै न्यायपालिकाप्रतिको आदर, विश्वास, जनआस्थामा वृद्धि हुन्छ र कानूनी शासनको प्रत्याभूति हुन्छ। त्यसका लागि बेलाबखतमा जुन विकृति, विसंगति लामो समयदेखि थुप्रिँदै आएको थियो, चरम बिन्दूमा पुग्दै गयो। तर नेतृत्वले त्यसलाई निराकरण गर्नुको सट्टा त्यसलाई बढावा दिँदै गएको स्थितिमा न्यायपालिकाको सही नेतृत्व हुनसकेन भन्ने किसिमको व्यापक हरेक कोणबाट यो आवाज बुलन्द हुँदै गएपछि अहिले न्यायपालिकाको संरक्षणका लागि नै अहिलेको परिस्थिति निर्माण भएको हो।

**० न्यायपालिका अहिले खतरामा पर्दै गएको हो ?**

– अहिले न्यायपालिका खतरामा पर्दै गएको छ। विगत लामो समयदेखि यो क्रम सुरु हुँदै गएको छ। अहिले उत्कर्षमा पुग्ने अवस्था देखियो। न्यायपालिकालाई सुद्धिकरणका लागि विगतमा धेरै कमिटीहरु बने, धेरै प्रतिवेदनहरु पेस भए। यसअघिका कुनै पनि प्रतिवेदन पनि लागू भएनन्। विगतका प्रतिवेदनभन्दा यसपटक सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा बनेको कमिटीले विगतमा कुनै कमिटीले प्रयोग नगरेको शब्द 'भ्रष्टाचार' छ भन्ने कुरालाई उल्लेख गर्नुभएको छ। कतिसम्म कि न्यायाधीशहरु नै विचौलियाको काम गर्छन् भन्ने कुरा पनि त्यसमा लेखिएको छ। त्यो प्रतिवेदनलाई सर्वोच्च अदालतले स्वीकार गरेको छ। तर त्यसमा कुनै खासै सुधार उन्मुख भएन। नभएपछि अहिलेको अवस्था निर्माण भएको हो।

**० न्यायपालिकामा कस्तो किसिमको शुद्धिकरण आवश्यक छ ?**

– बेथितिहरुको अन्त्य। न्यायाधीश नियुक्ति प्रक्रियामै आफ्ना पकेटका मान्छेहरु राख्ने, राजनीतिक दलको सक्रिय राजनीतिमा लागेका व्यक्तिहरुलाई ल्याउने, आफ्ना दलप्रति वफादार रहनेहरुलाई ल्याउने अनि त्यसपछि बेथितिहरु बढ्दै जाने, बिचौलियाको बिगबिगी बढ्दै जाने भनेपछि न्यायपालिका स्वच्छ रहँदैन। अहिले कार्यपालिका र न्यायपालिकाको बीचमै सेटिङ्ग भयो भन्ने चर्चामा आयो। कार्यपालिकाको नियुक्तिका सवालहरुमा पनि न्यायपालिका नेतृत्वले आफ्नो भागवण्डा खोजेको, आफ्ना मान्छेहरुलाई नियुक्ति गराउन सफल भएको भन्ने कुराहरु छन्। कार्यपालिका र न्यायपालिका दुवैले एकआपसमा चोचोमोचो मिलाएर हिंड्यो भने जनताले कसरी न्याय पाउँछन्। कार्यपालिका भनेको त धेरै शक्तिशाली निकाय हो र कार्यपालिकाबाटै मान्छेहरु थिचोमिचोमा परेका हुन्छन्। न्यायका लागि मान्छे जाने भनेको त न्यायपालिकामै हो। त्यहीं न्यायपालिका र कार्यपालिका नेतृत्वहरुको बीचमा साँठगाँठ भयो भने कसरी न्याय प्राप्ति हुन्छ ? न्याय त त्यसै मरेर जान्छ नि। त्यसकारणले यी सारा विकृतिहरुको अन्त्य हुनुपर्छ भन्ने किसिमको जोडदार आवाज अहिले उत्कर्षको रुपमा उठेको हो। यो परिस्थिति नेपालको इतिहासमा योभन्दा अगाडि कहिल्यै पनि जन्मेको थिएन। त्यसकारणले यो जटिल स्थिति नै आएकोले यो अवस्थाको निर्माण भएको हो।

**० न्यायालयभित्र शुद्धिकरणका लागि नियुक्ति प्रक्रिया नै सच्याउनुपर्ने हो ?**

– सबभन्दा पहिला नियुक्ति प्रक्रिया नै सुधार गर्नुपर्ने हो। जुन किसिमले पकेटका मान्छेहरु, नाम नसुनिएका, वकालत नगरेका, कानूनसँग कुनै सरोकार नभएका र राजनीतिक दलका सक्रिय कार्यकर्ताहरुलाई ल्याएर नियुक्त गर्ने कामहरु जसरी भइरहेका छन्, त्यसले पनि केही हदसम्म विकृति ल्याएका छन्।

**० नियुक्ति प्रक्रिया कस्तो हुनुपर्ने हो त ?**

– न्यायालयभित्र नियुक्ति प्रक्रिया पारदर्शी हुनुपर्ने हो। नियुक्तिका लागि कहिल्यै पनि खुल्ला बहस र छलफल भएकै छैन। त्यहाँ भागवण्डा गरेर, आफ्नो पकेटबाट हिसाव-किताब गर्छन् अनि कोटा छुट्याउँछन्। खुल्ला बहस भएको अवस्था अहिलेसम्म छैन। सिट बाँडफाँड, भागवण्डाको आधारमा र आआफ्ना पकेटका मान्छेहरु ल्याएर राख्ने काम भइरहेका छन्। त्यसकारणले राजनीतिक दल र न्यायपालिकाका नेतृत्वहरुबीच चोचोमोचो छ, मिलितभगत छ। त्यो प्रक्रिया नै गलत छ। खुल्ला बहस गरेर मान्छेहरुको गुण दोषको मूल्यांकन गरेर अनि मात्र गर्नुपर्ने हो। त्यो कुरा विगत लामो समयदेखि भइरहेको छैन। अहिले त उत्कर्षमा मात्रै पुगेको हो।

**० न्यायालयभित्र शुद्धिकरणको पहिलो शर्त नै प्रधानन्यायाधीशको राजीनामा हो, तर उहाँले राजीनामा नदिने अडान राख्नुभएको छ नि ?**

– राजीनामा त उहाँको स्वेच्छाको कुरा हो। तर न्यायाधीशको पद भनेको पदमा बहाल भइरहने अधिकारको विषय होइन। न्यायपालिका भन्ने कुरो जनआस्था र जनविश्वासबाट नै चल्ने हो। अहिले मुद्दामा सेटिङ्गका कुराहरु भयो, कार्यपालिकाको प्रभावको कुराहरु भयो, कार्यपालिकामा भागवण्डा खोजेको, संवैधानिक परिषद्मा भागवण्डा खोजेको, मुद्दाका पेशीहरु नतोकिने, एकल इजलासलाई अवरुद्ध गरिदिने लगायतका कुराहरु भएपछि अब त न्यायपालिका ध्वस्तै हुन लाग्यो भन्ने सन्देशमा गयो।

**० निकाश कसरी निस्किन्छ ?**

– निकाश निस्किन गाह्रो छ। सारा जनमानस, बहालवाला वकिल, न्यायाधीशल र पूर्वन्यायाधीशहरुले जनआस्था र विश्वास छैन भनेपछि प्रश्न त आयो नि। यस्तो अविश्वासको वातावरणमा म बसिरहन्छु भन्नु उहाँको अधिकारको कुरा हो तर न्यायपालिकाको क्षेत्रमा मर्यादित कुरा होइन। गर्नुभएन भने बारले निरन्तर आन्दोलन जारी राख्ने अवस्था देखिन्छ। यस्तो अवस्थामा यो जनसरोकारको विषय भयो। यो कुराबाट राजनीतिक दल र सांसदहरु अनभिज्ञ त हुनुहुन्न। त्यसकारणले सांसदहरुको पनि भूमिका यसमा महत्वपूर्ण भएर आउँछ। नेतृत्वपंक्तिहरुबाट यो न्यायपालिकाको विषय हो, न्यायपालिकाबाटै टुंगियोस् भन्ने अभिव्यक्तिहरु आएका छन्। त्यो भनेको कसैले पनि प्रधानन्यायाधीशलाई बचाउ गरेको अवस्था छैन।

**० दलहरुले प्रधानन्यायाधीशलाई महाअभियोग लगाउने विषयमा किन मौन छन् ?**

– राजनीतिक दलहरुले न्यायालयको विषय त्यहींबाट टुंगियोस् भन्ने चाहन्छन्। त्यसैले दलहरुले त्यहींबाट टुंगियोस् भन्ने चाहना राखेका छन्।

**० भनेपछि कानून व्यवसायीहरुको आन्दोलनबाट निकाश निस्किन्छ त ?**

– बिल्कुल निस्किन्छ। यसभन्दा पनि कस्तो-कस्तो विषयमा कानून व्यवसायीहरुले निकास दिएका छन्। निरंकुशताको विरुद्ध पनि यसले लडेको छ। कहिलेकाहीं निकास चाँडो आउँछ, कहिले ढिलो आउँछ। समय कति लाग्छ भन्ने कुरो मात्रै हो, तर निकास त अवश्य नै आउँछ।

**० प्रधानन्यायाधीशलाई राजीनामा गराउन बाध्य पार्ने अवस्था आउँछ ?**

– उहाँले राजीनामा गर्नुहुन्छ। उहाँले हेरिरहनुभएको छ कि आन्दोलन कतिसम्म अगाडि जान्छ। एउटा बिन्दूमा पुगेपछि उहाँले छोड्नुहुन्छ। विगतमा पनि धेरै न्यायाधीशले छोडेका छन् नि त।

**० प्रधानन्यायाधीशले राजीनामा नगरेसम्म कानून व्यवसायीहरुले यस्तै आन्दोलन गरिरहने, बेन्च बहिष्कार गरिरहने हो ?**

– अहिले नेपाल एसोसिएसनले बेन्च बहिष्कार गर्ने निर्णय गरिसकेको छैन। बहालवाला न्यायाधीशहरुले नै नेतृत्वले निकास दिनुपर्छ, यो नेतृत्वबाट बेन्च चल्दैन भन्ने आशयबाट बेन्चमा बस्नुभएका छैनन्। यो ठूलो कुरा हो। आजसम्मको इतिहासमा यस्तो कुरा कहिल्यै भएकै छैन। नेतृत्वलाई यति नजिकबाट सर्वोच्चका बहालवाला न्यायाधीशहरुले चिन्छन्, बुझ्छन् त्यति बाहिरका कसले चिन्छन् र बुझ्छन् र ? सर्वोच्च अदालतका एक जना न्यायाधीश पनि उहाँको पक्षमा देखिनुभएको छैन। सम्पूर्ण न्यायाधीशहरु एकजुट हुनुले एउटा ठूलो सन्देश होइन र ?

# कांग्रेसले राष्ट्रघाती एमसीसी पास गर्न खोजे गठबन्धन टुट्छ



शिवकुमार मण्डल

केन्द्रीय सदस्य, नेकपा (माओवादी केन्द्र)

**० न्यायालयमा देखिएको विवादबारे गठबन्धन सरकार किन मौन छ ?**

– विगतदेखि नै न्यायालय स्वतन्त्र र निष्पक्ष नभएको कुराहरु उठ्दै आएका छन्। न्यायालयले आफ्नो दायरा, कानूनसम्मत तरिकाले कार्य सम्पादन भयो भने न्यायालयप्रति जनताको विश्वास र आस्था कायम रहन्छ। तर न्यायालयले कतिपय कुरामा आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर कुनै प्रकारको गतिविधि गर्ने पर्यत्न गर्छ भने न्यायालय बदनाम र कमजोर हुन्छ। सरकारमा रहेका दलहरुको साझा धारणा नआए तापनि अनौपचारिकरुपमा नेताहरुको व्यक्तिगत धारणाहरु आएका छन्। नेपाल बार एसोसिएसन, न्यायाधीशहरुले उठाएका प्रश्नहरुमा कतिको सत्यता छन्, त्यसको छानबिन हुनुपर्छ। अहिले जे प्रश्न उठेका छन्, त्यो प्रश्नकै आधारमा नैतिकताको हिसावले राजीनामा दिनुपर्ने अवस्था हो। यदि आग्रह वा पूर्वाग्रहले ती प्रश्नहरु उठाएका हुन् भने त्यस्ता खालका प्रश्नहरु उठ्नु हुँदैन।

**० न्यायालयभित्रको यस्तो अवस्थाले निकास कसरी निस्किन्छ ?**

– कानूनतः केही जटिलताहरु छन्। प्रधानन्यायाधीशलाई हटाउन केही प्रक्रिया होला। न्यायालयभित्र नै उहाँको प्रतिपक्षमा उभिने यति ठूलो संख्या पहिलो घटना हो। प्रधानन्यायाधीशका आफ्नो सहकर्मीहरुले उठाएका प्रश्न गम्भीर छन्। उहाँले राजनीतिक र प्रशासनिक रुपमा हस्तक्षेप गर्न खोज्ने, कानून र मर्यादाभित्र बस्न उहाँ चुकेको हो कि भन्ने परिस्थिति सिर्जना भएको छ। उहाँको बहिर्गमनको प्रक्रिया कानूनसम्म छैन। अहिले मुख्यतः उहाँको नैतिकताको प्रश्न रह्यो। नैतिकताको आधारमा गर्नुपर्ने निर्णयहरु अहिले मुख्य हुन गएको छ।

**० सत्तारुढ दलहरु यस विषयमा मौन छन्, तर प्रमुख प्रतिपक्षी एमालेले संसद् विघटनको मुद्दामा फैसला गर्ने पाँचै जना न्यायाधीशले पनि राजीनामा दिनुपर्ने भनिरहेको छ नि ?**

– प्रतिपक्षी केपी ओलीको पार्टीले कानूनको अपव्याख्या गर्न खोजिरहेको छ। संविधान र कानूनको धज्जी उठाएका केपी ओलीले न्यायाधीशहरुमाथि यस्तो प्रश्न गर्नुको कुनै तुक छैन। केपी ओलीको त्यो आक्रोश हो। केपी ओलीको पार्टीभित्र विचार, सिद्धान्त केही पनि छैन। पाँचै जना न्यायाधीशलाई हटाउनुपर्ने कारण के त ? पाँचै जनाले अपराध गरेका हुन् त ? गल्ती जसले गर्छ, सजाय उसले भोग्ने हो। त्यसकारणले केपी ओलीको पार्टी हतासमा बोल्ने अर्को कुरा हो। हतोत्साहित मनोस्थितिको कारणले यो खालको अभिव्यक्ति आएको होला। जहाँसम्म सत्तारुढ दलहरु किन बोलिरहेको छैन भन्ने प्रश्न छ, जबसम्म उठेका प्रश्नहरुको बारे कुनै सत्यतथ्य कुरा आउँदैन तबसम्म त्यतिकै आफ्नो धारणा बनाउनु हुँदैन। सत्तारुढ दलहरुले तथ्यगतरुपमा आएका आधिकारिक कुराको आधारलाई टेकेर बोल्ने हो। त्यसकारणले अहिले यी कुराहरु छानबिनको आवश्यकता छ।

**० निकास के देख्नुहुन्छ ?**

– केही पात्र र प्रवृतिका कारणले न्यायालय, राज्यका प्रमुख अंगहरु प्रभावित हुने, विभिन्न शक्तिहरुले खेल्ने लगायतका गतिविधिहरुले राष्ट्र र नागरिकलाई हित गर्दैन। त्यसकारणले राज्यका अंगहरु कानून र आफ्नो मर्यादाभित्र चल्नुपर्ने नै अहिले आवश्यकता हो।

**० यो पाँच दलीय गठबन्धनको भविष्य कति छ ?**

– लोकतान्त्रिक दलको रुपमा आफूलाई स्थापित गर्ने, अहिले संविधानलाई कार्यान्वयन गर्ने, व्यवस्थालाई संस्थागत गर्ने हो भने यो गठबन्धन अलिक दिन चल्नैपर्छ। अहिलेको व्यवस्थाले स्थायित्व नपाउन्जेल यो समीकरण केही वर्षसम्म अगाडि बढ्नैपर्छ। सकारात्मक धारणा भएका दलहरुका बीचमा एउटा समीकरण चाहिन्छ। किनकि पछिल्लो समय केपी ओलीले प्रतिगमनको जुन खालको प्रतिनिधित्व गर्‍यो, त्यो यो देशको व्यवस्था र अग्रगमनको विरुद्धमा गरे। त्यसकारणले प्रतिगमनका विरुद्धमा अग्रगमनकारी शक्तिहरुका बीचमा समीकरण हुनुको विकल्प छैन। तर दलीय स्वार्थ कसको के हुन्छ भन्न सकिन्न। निजी स्वार्थ त्यागेर राष्ट्र र जनतालाई केन्द्रमा राखेर समर्पण र त्यागको भावलाई लिएर अगाडि बढ्ने हो भने यो गठबन्धन चल्छ। नेपालको सन्दर्भमा दलहरु कुनै न कुनै शक्तिकेन्द्रको इशारा र निर्देशनमा चलेको अवस्था देखिन्छ।

**० यो गठबन्धनको सरकारले समानुपातिक समावेशितालाई आत्मसात गरेको छ त ?**

– नेपालमा संघीयता र समानुपातिक समावेशिताको पक्षधर माओवादीबाहेक अन्य कुनै पार्टी छैन। मूल कुरा राज्यमा सहभागिताको कुरा हो। सरकारमा माओवादी केन्द्रले पाएको ६ मन्त्रीमध्ये एक जना मधेशीलाई सहभागिता गराएको छ। राजदूत नियुक्ति लगायत अन्य नियुक्तिहरुमा राज्य चुकेकै हो। हामीले पनि यस्ता प्रश्नहरु सम्बन्धित ठाउँमा उठाउने गरेका छौं। समावेशीलाई समाप्त पार्ने त केपी ओली हुन् नि। हाम्रो चाहना हो समानुपातिक समावेशिता तर हामीले मात्रै चाहेर हुँदैन। कांग्रेसले कति चाहन्छ ? त्यसैले माओवादी केन्द्रको तर्फबाट हामी सबभन्दा बढी समावेशीको वकालत गर्छौं। यतिबेला भएको राजदूत सिफारिसमा पनि समावेशी भएको छैन। त्यसका विरुद्धमा हामी बोलेका छौं।

**० एमसीसीको विषयमा गठबन्धनभित्र एकमत किन छैन ?**

– माओवादी केन्द्रले एमसीसीको बारेमा प्रष्ट धारणा राखिसकेको छ। अहिलेको समीकरण एउटा विशेष घटना र परिवेशले जन्माएको हो। एमसीसीबारे कांग्रेस र ओलीको धारणा एउटै हो। यसलाई संसदमा प्रवेश गराउन कांग्रेस त्यतिखेरै तयार भएको हो। सित्तैमा पाएपछि अल्कत्रै खाने उहाँहरुको प्रवृति हो। तर हामी भन्छौं कि खाने कुरा खाने हो, नखाने कुरा खानु हुँदैन। कुनै विदेशी सहायता लिनु हुँदैन भन्ने हाम्रो मान्यता होइन। यतिखेर विदेशी सहायता नलिने भन्ने कुरा होइन, तर राष्ट्रलाई बन्धक बनाएर विदेशी सहायता किन चाहियो ? शेरबहादुर देउवाकै पालामा भएको एमसीसी सम्झौताबारे उहाँहरुले ५५ अर्ब रुपैयाँ नेपाल भनेर बुझ्नुभएको छ। तर सम्झौतामा भएका राष्ट्र अहित हुने कुराहरुमा खासगरी माधव नेपालको एकीकृत समाजवादी, माओवादी केन्द्र र उपेन्द्रजीको पार्टीको करिब-करिब धारणा एउटै छ। यो अग्रगमन सोच भएको राजनीतिक दल हो। लोकतन्त्रको मुद्दामा कांग्रेससँग हाम्रो सहकार्य भयो तर एमसीसीबारे कांग्रेससँग विचार मिल्नसक्ने स्थिति छैन। राष्ट्र अहित हुने प्रावधानहरु हटाएर राष्ट्रहित हुने खालका प्रावधानहरु राखिन्छ भने हामी त्यस्तो खालका सहायता लिन तयार छौं।

**० तर एमसीसी संशोधनको सवाल नै छैन नि ?**

– एमसीसी सम्झौता संशोधन हुन सक्दैन भने हामी अस्वीकार गर्छौं। त्यसका लागि यदि हामी गठबन्धनबाट बाहिर पनि हुन सक्छौं। आफ्नो निजी स्वार्थलाई केन्द्रमा राखेर बनेको समीकरण धेरै लामो चल्दैन।

**० भनेपछि एमसीसीकै कारणले यो गठबन्धन टुट्न सक्छ ?**

– अहिलेकै अवस्थामा यदि कांग्रेसले राष्ट्रघाती सम्झौता पास गर्न खोज्छ भने टुट्न सक्छ। किनकि विगतमा पनि कांग्रेस र केपी ओलीको इतिहास त्यहीं हो। हामी त्यो इतिहासको साक्षी किनारा बस्न सक्दैनौं। जनतालाई अहित हुने कुनै पनि प्रकारका सम्झौता हामी गर्दैनौं। बरु हामी सरकारमा नरहुँला तर राष्ट्रघाती सन्धी सम्झौतामा कुनै प्रकारको साथ रहँदैन। अपराधिक मनोविज्ञान र प्रवृतिसँग हाम्रो कुनै साइनो रहँदैन। यो मुद्दामा केपी ओली र कांग्रेस नजिक छ तर हामी छैनौं।

# स्पेनको काथेरेस नगर र लुम्बिनी बौद्धस्थलका ४ नगरबीच भगिनी सम्बन्ध

मणि प्रसाद गैह्रे, कपिलवस्तु । बुद्धस्थल लुम्बिनी क्षेत्रका कपिलवस्तु नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, देवदह नगरपालिका र रामग्राम नगरपालिका र स्पेन सरकारको काथेरेस नगरपालिका, काथेरेस प्रादेशिक सरकार संस्कृति पर्यटन नथा खेलकुद मन्त्रालयबीच प्राचीन तिलौराकोट दरवार क्षेत्रमा भगिनी सम्वन्ध स्थापनाका लागि समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

गौतम बुद्धले २९ वर्ष विताएको प्राचीन तिलौराकोट दरवार क्षेत्रमा राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिना र स्पेनको काथेरेस प्रादेशिक सरकारका प्रतिनिधीहरुको रोहवरमा दुवै देशका स्थानीय तहका प्रमुख तथा प्रतिनिधीहरु विच सहमति पत्रमा हस्ताक्षर भएको हो ।

काथरेस नगरपालिका मेयर लुईस सलाया जुलियन, सस्कृति पर्यटन तथा खेलकुद मन्त्रालय नुरिया, फ्लोरेस रेन्डेन्डो र काथरेस डिपुटेशनका अध्यक्ष कार्लोस कार्लोस रोड्रीगियुज र नेपनलको तर्फबाट कपिलवस्तु नगरपालिकाका प्रमुख किरण सिंह, लुम्विनी सांस्कृति नगरपालिकाका प्रमुख मनमोहन चौधरी, देवदह नगरपालिकाका प्रमुख हिरा बहादुर खत्री र रामग्राम नगरपालिकाका प्रमुख नरेन्द्र कुमार गुप्ताले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले स्पेन र नेपाल विचको सम्बन्ध प्रगाढ बनाउन र दुवै देश विच आपसी सम्वन्ध भाईचाराका साथै विकास निर्माणको क्षेत्रमा समेत फड्को मार्न यस्तो भगिनी सम्वन्धले ठुलो सहयोग पुर्याउने अपेक्षा गरिएको बताएका छन् ।

काथरेस नगरपालिका मेयर लुईस सलाया जुलियनले बुद्धको क्रिडास्थल जस्तो पवित्र भुमीमा पाईला टेक्न पाएकोमा निकै खुशी लागेको बताए । उनले आफुहरु बुद्धस्थलहरुको पर्यटन सास्कृतिक कृषि लगातयको क्षेत्रमा सहकार्य गरेर अघि बढन चाहेको बताए । काथरेस डिपुटेशनका अध्यक्ष कार्लोस कार्लोस रोड्रीगियुजले तिलौराकोट जस्ता शुद्ध माटो र वातवरणमा पाईला टेक्न पाएकोमा गौरव लागेको बताए ।

उनले यो सम्झौताले दुई देश बिचको सम्बन्ध अझ मजबुत हुने बताए । सस्कृति पर्यटन तथा खेलकुद मन्त्रालय नुरिया, फ्लोरेस रेन्डेन्डो नेपालमा आफनो दोश्रो भ्रमण रहेको भन्दै उनले विकासमा लागि सहकार्य र समन्वय गरी अघि बढने बताए ।

लुम्विनी गार्डेन फाउण्डेशनका उपाध्यक्ष गोविन्द सुवेदीको पहलमा नेपालका बौद्धस्थल रहेका ४ नगरपालिका र स्पेनको काथेरेस नगरपालिका विच भगिनी सम्वन्ध स्थापनाका लागि प्रयास शुरु भएको हो

स्पेनको काथेरेस नगरसंग भगिनी सम्वन्ध स्थपनाको सहमति पत्रका हस्ताक्षर हुदै गर्दा यहांका बौद्ध स्थल आसपासका क्षेत्रमा विकासको फड्को मार्न सकिनेमा कपिलवस्तु, रुपन्देही र नवलपरासीका नगर प्रमुखहरु आशावादी बनेको कपिलवस्तु नगरपालिकाका नगर प्रमुख किरण सिंहले बताए ।

गौतम बुद्धको जन्म स्थल लुम्विनी, २९ वर्ष विताएको क्रिडास्थल कपिलवस्तु, मावली देवदह र अष्ट धातु राखिएको स्थल रामग्राम क्षेत्रको महत्वलाई बुझेर स्पेनको काथेरेस नगरले यी क्षेत्रका ४ नगरहरुलाई भगिनी सम्वन्ध स्थापनाका लागि अग्रसर रहेको रामग्राम नगरपालिकाका नगर प्रमुख नरेन्द्र कुमार गुप्ताले बताए ।

भगिनी सम्वन्ध स्थापनाका लागि यसरी गरिएको सहमति पत्र अनुसार यसलाई अक्षरश पालना गर्न गराउन लुम्विनी गार्डेन फाउण्डेशनको ठुलो भुमिका रहने भए पनि यसलाई पुर्ण कार्यान्वयन गराउनका लागि चार वटा नगरपालिका, प्रदेश सरकार र केन्द्र सरकारको समेत महत्वपूर्ण अग्रसरता रहनु पर्नेमा देवदह नगरपालिकाका प्रमुख हिरा बहादुर खत्रीले बताए ।

सो अवसरमा कपिलवस्तु नगरपालिकाकी उपप्रमुख लक्ष्मी देवी गुप्ता, लुम्विनी विकास कोषका कार्यकारी सदस्य राजेश ज्ञवाली, राष्ट्रिय सभा सदस्य नवराज सिलवाल, लुम्विनी गार्डेन फाउण्डेशनका उपाध्यक्ष गोविन्द सुवेदी लगायतले स्पेनको एक नगर र नेपालका बौद्ध स्थल रहेका ४ नगर विचको भगिनी सम्वन्ध सदियौं सदि सम्म कायम रहोस् भन्ने कामना समेत व्यक्त गरेका छन् । सम्वन्ध संगे विभिन्न विकास र कृषि पर्यटन क्षेत्रमा सहयोग प्रविधीका कामहरु एक आपासमा साटासाट गरिने समेत प्रतिनिधीहरुले बताएका छन् ।

कार्यक्रममा कपिलवस्तु नगरपालिकाको तर्फबाट नगर उपप्रमुख लक्ष्मी देवी गुप्ताले स्पेनका जनप्रतिनिधीहरुलाई बौद्धको मुर्ति सहितको मायाको चिनो उपहार प्रदान गरेकी थिइन् ।

सो अवसरमा स्पेनका काथेरेस नगरपालिकाका प्रमुख तथा प्रनिनिधी र प्रदेश सरकारको प्रमुख तथा प्रतिनिधीहरुले शाक्यमुनि बुद्धका पिता राजा शुद्धोधनको प्राचीन राजदरवार क्षेत्र, सम्राट अशोकले स्थापना गरेको अशोक स्तम्भ लगायतका बौद्धकालनी स्थलहरुको अवलोकन गरेका थिए ।

नेपाल प्रेस यूनियनका केन्द्रिय सभापति बद्री सिग्देल, कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डे लगायत सुरक्षा निकायका जिल्ला प्रमुखहरु, कपिलवस्तु नगरपालिकाका जनप्रतिनिधीहरु, संचारकर्मी र लुम्विनी विकास कोषका कर्मचारीहरुको समेत कार्यक्रममा उपस्थिति रहेको थियो ।

# बीस महिनापछि नेपाल–भारत मैत्री बस सञ्चालनमा

महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगरबाट सञ्चालन हुँदै आएका नेपाल-भारत मैत्री बस बीस महिनापछि पुनः सञ्चालनमा आएको छ । कोरोना सङ्क्रमणका कारण लामो समयदेखि बन्द रहेका मैत्री बस शुक्रबारदेखि सञ्चालनमा आएको महाकाली यातायात प्रालिका अध्यक्ष डम्बर पन्तले बताए । त्यस्तै उत्तर प्रदेश परिवहन निगमको बस भारतको राजधानी जिल्लाबाट यात्रुसहित आज बिहान महेन्द्रनगर पुगेको यातायात प्रालिले जनाएको छ ।

उनले सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुले सङ्क्रमणबाट बच्न मास्क लगायतका स्वास्थ्य सामग्री प्रयोग गर्न आग्रह गरे । गड्डाचौकी नाकाबाट स्थानीय प्रशासनले भारतीय यातायात भित्रिँदा आउने यात्रुले कोरोना खोप लगाएको कार्ड र पछिल्लो ७२ घण्टाभित्र कोरोना परीक्षण गरेको रिपोर्ट हेर्ने गर्छ । जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले स्वास्थ्य मापदण्डका साथै भारतीयलाई परिचय खुल्ने कागजात र भन्सार तिरेर मात्रै आउन दिइएको जनाएको छ ।

महाकाली यातायात प्रालिले त्यहाँबाट हरेक दिन नेपाल-भारत मैत्री बस सञ्चालन हुने जनाएको छ । कोरोना सङ्क्रमण फैलिनुअघि महेन्द्रनगरबाट भारतको दिल्ली र देहरादुन गरी दैनिक नौवटा बस सञ्चालनमा थिए । लामो समय यातायात सेवा कोरोनाका कारण प्रभावित हुँदा त्यहाँका यातायात व्यवसायी नराम्ररी प्रभावित बनेका छन् ।

# नेपाल र भारतबीच सुरक्षालाई लिएर सल्लाहकार समूहको बैठक सम्पन्न

काठमाडौं । नेपाल र भारतबीच सुरक्षा मामिलासम्बन्धी चौधौं द्विपक्षीय परामर्शदात्री समूह ( बीसीजीएसआई)को बैठक बेङ्गलुरुमा सम्पन्न भएको छ ।



भेटका क्रममा दुवै पक्षबीच पारस्परिक सुरक्षा चासो, नेपाली सेनाको तालिम र क्षमता अभिवृद्धि आवश्यकता, विपद् व्यवस्थापनमा सहयोग लगायत विविध विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

उनीहरुबीच नेपाली सेनाका विभिन्न रक्षा भण्डारका लागि आवश्यक पर्ने आवश्यकता, विज्ञ तथा प्रशिक्षकको आदानप्रदान, उच्चस्तरीय तथा कार्यात्मक स्तरको भ्रमण आदानप्रदान, संयुक्त अभियान तथा साहसिक खेलकुद गतिविधि र सूचना आदानप्रदानका विषयमा पनि छलफल भएको थियो ।

बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिव (उत्तर) अनुराग श्रीवास्तवले गरेका थिए भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिव (दक्षिण एसिया) तीर्थराज वाग्लेले गरेका थिए ।

विदेश मन्त्रालयका अनुसार प्रतिनिधिमण्डलमा रक्षा, परराष्ट्र, गृह मामिला, भारतीय सेना र नेपाली सेना र राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका सम्बन्धित मन्त्रालयका अधिकारीहरू उपस्थित थिए ।




## मधेश अपडेट

### गौतम बुद्धको शान्ति सन्देश अझै सान्दर्भिक बन्दै गएको छ : अध्यक्ष तिमिल्सिना

भैरहवा । राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले गौतम बुद्धले प्रदान गर्नुभएको दर्शन र शान्तिको सन्देश अहिले झन् बढी सान्दर्भिक बन्दै गएको बताएका छन् । रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा 'महाकरुणा बुद्धमूर्ति' अनावरण कार्यक्रममा बोल्दै अध्यक्ष तिमिल्सिनाले आज भन्दा पच्चिस सय वर्ष अगाडी बुद्धले शान्ति र अहिंसाको लागि दिनुभएको सन्देश अहिले पनि सान्दर्भिक भएको बताएका हुन् । उक्त बुद्ध मूर्तिको आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले विमानस्थलको प्रवेशद्वारामा अनावरण गरेकी थिइन् । सो अवसरमा बोल्दै अध्यक्ष तिमिल्सिनाले भने, 'लुम्बिनी बुद्धको जन्मस्थान मात्र होइन, बुद्ध दर्शनको मुहान नै हो। यो स्थान तिर्थयात्री, प्राज्ञ, अनुसन्धाता र अन्तिम सत्य र मुक्तिको खोजी गर्न चाहने जो कोहीका लागि आकार्षणको केन्द्र बनेको छ ।' अध्यक्ष तिमिल्सिनाले बुद्ध दर्शनको साझा सम्पदाले नेपाललाई बाह्य विश्वसँग जोडेको बताए । 'विश्वका जुनसुकै स्थानमा रहेपनि हामी मानवजाति एक हौं र एक हुनुपर्दछ। विश्वमा अहिले एक देश र अर्को देश, एक जाति र अर्को जाति, एकै देशको पनि एक भाग र अर्को भाग भनेर झै-झगडा गर्ने र युद्धकै स्थितिमा पुग्ने अवस्था छ,' उनले भने, 'विभिन्न जात जाति, भाषा भाषी र धर्म सम्प्रदायको नाममा हत्या हिंसा भइरहेका छन्। यस्तो हिंसा मानव जातिका लागि त्याज्य वा अस्वीकार्य हुनुपर्दथ्यो, तर विडम्बना त्यो भइरहेको छैन ।' उनले लुम्बिनी गार्डेन फाउन्डेशनले बुद्धको शान्ति सन्देशलाई आत्मसाथ गर्दै स्पेनको एक्त्रेमादुरा प्रदेशको क्याथेरेस शहरमा लुम्विनि गार्डेन प्रोजेक्ट निर्माण गरिरहेको सन्दर्भ उल्लेख गर्दै भैरहवा विमानस्थलमा बुद्ध मूर्ति स्थापनामा फाउण्डेशनको पहल प्रशंसनीय रहेको बताए । 'नेपाललाई विश्वभरी चिनाउन लुम्बिनी गार्डेन फाउन्डेसनले लुम्विनी र नेपाललाई विश्वभरका बुद्धधर्ममा सद्भाव राख्ने देशका नागरिकहरुसँग जोड्ने काम गरेको छ,' उनले भने ।

### सुजाताले सभापतिमा उम्मेदवारी दिने

विराटनगर । नेपाली कांग्रेसी नेतृसुजाता कोइरालाले पार्टीको १४ औं महाधिवेशनमा सभापतिमा उम्मेदवारी दिने घोषणा गरेकी छन् । गृह जिल्ला मोरङमा आएर सोमबार विराटनगरमा पत्रकारसँगको कुराकानीमा कोइरालाले कांग्रेस इतर समूहमा सबै मिलेर एउटा मात्रै उम्मेदवार बनाउने अवस्था नआएकोले आफूले पनि सभापतिमा उम्मेदवारी घोषणा गरेको बताइन् । पार्टीको १४ औं महाधिवेशनमा धेरै उम्मेदवार हुने भएकोले महिला उम्मेदवार पनि हुनुपर्ने मान्यता अनुसार पनि उम्मेदवारी घोषणा गरेको उनले भनिन् । कोइरालाले भनिन्, 'गिरिजाप्रसाद कोइरालाको बीपी कोइरालाको विचारलाई संस्थागत गर्ने अधुरो काम सभापति बनेर पूरा गर्छौं ।' कोइराला परिवारका महामन्त्री शशांक कोइराला, शेखर कोइरालालगायत तीनै जनाले उम्म्मेदवारी दिनेबारे सञ्चारकर्मीको प्रश्नमा उनले आफू एक जना मात्रै महिला उम्मेदवार हुने भएकोले दुवै जनाले समर्थन गर्ने विश्वास व्यक्त गरिन् । कोइरालाले सर्वोच्च अदालतमा अहिले देखिएको समस्या प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा र सरकार मिलेर समाधान गर्नुपर्ने बताइन् । 'पछिल्लो समय देशका सबै संवैधानिक निकाय, सेना, प्रहरी संगठनलाई विवादित बनाइरहेको छ,' उनले भनिन्, 'यो राम्रो संकेत होइन त्यसैले न्यायालयलगायत सबै संवैधानिक अंगहरु निष्पक्ष र स्वतन्त्र हुनुपर्छ ।' कोइरालाले मुलुक अर्ली इलेक्सनमा जाने संकेत देखिएको बताइन् । उनले अहिलेका राजनीतिक घटना क्रमले मुलुक अर्ली इलेक्सनमा जानुको विकल्प आफूले नदेखेको बताएकी हुन् ।

### कैलालीमा एमालेको सर्वसम्मत नेतृत्व चयन

कैलाली । कैलालीमा एमालेले ११० वडामा अधिवेशन सम्पन्न गरेको छ । शुक्रबार सम्पन्न भएका सबै वडामा सर्वसम्मत नेतृत्व चयन भएको एमाले केन्द्रिय सदस्य तथा कैलाली सह इन्चार्ज लिला भण्डारीले जानकारी दिइन् । बाँकी रहेका १६ वटा वडाहरूमा पनि शनिबार अधिबेशन हुने उनले बताइन् । उनले भनिन्, 'सबैमा पार्टी बलियो बनाउनु पर्छ भन्ने देखियो । कहिँ कतै निर्वाचन हुने अवस्था छैन ।' मुलुकका अन्य क्षेत्रमा कार्तिक ६ गते वडा अधिवेशन सुरु भएको थियो । तर सुदूर पश्चिम प्रदेशमा भने बाढी पहिरोले ठुलो क्षति गरेको हुँदा अधिवेशन केही पर धकेलिएको थियो । प्रदेश पार्टी कार्यालयले १२ गरे वडा र १५ गरे नगर अधिवेशनको मिती तोकेको थियो । बाढी र पहिरो बाट कम क्षती भएका र अधिवेशनको तयारी गरेका प्रदेशका केही जिल्लाका केही वडामा भने यस अघि नै अधिवेशन सुरु भएको थियो । कैलाली कन्चनपुर लगायतका केही जिल्लामा भने शुक्रबार एकै साथ अधिवेशन सुरु भएको हो । कैलालीमा एमाले केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज नारदमुनी राना,केन्द्रिय सदस्य एवं सह-इन्चार्ज लिला भण्डारी, कैलाली अध्यक्ष रतन थापा, एमाले नेता गौरीसंकर थारु खटिएका छन् ।

### विदेशी घुसपैठ रोक्न भारतीय पक्षद्वारा कडाइ

बर्दिया । अफगानिस्तान, बंगलादेश, पाकिस्तान लगायत देशबाट आउने नागरिकहरू अवैध रुपमा नेपालमा प्रवेश गर्न थालेपछि भारतले नेपाल-भारत सीमाक्षेत्रमा कडाइ गर्न थालेको छ । सिमानामा हुने घुसपैठ रोक्न भन्दै भारतीय सीमा सुरक्षा बलले अनिवार्य परिचयपत्र समेत लागू गरेको छ । आतंकवाद रोकथाम तथा अवैध रुपमा भित्रिने नागरिकलाई रोक्न यस्तो नियम लागू गरेको नानपारास्थित भारतीय एसएसबीका कमाण्डर एसपी स्वर्णजीत शर्माले बताए । नेपाल भारतको असल मित्र भएकाले दुवै मुलुकको सुरक्षा अधिकारीको सहकार्यबाट यस्ता अवैध गतिविधि नियन्त्रण गर्नुपर्ने एसपी शर्माले बताएका छन् । परिचयपत्र लागू भएपछि अवैध गतिविधि रोकिने उनको अपेक्षा छ । 'भारत हुँदै नेपाल आउजाउ गर्ने सबैले परिचयपत्र देखाउनुपर्ने निर्देशन मातहातका सुरक्षा निकायलाई दिइसकेका छौं,' भारतीय एसपी स्वर्णजीत शर्माले भने । सशस्त्र प्रहरी बल बर्दियाका एसपी नरबहादुर रावत र एसएसबीका सुरक्षा अधिकारीबीच सीमामा हुने अपराध नियन्त्रणका पक्षमा भारतको बहराइच जिल्लाको सीमावर्ती मूर्तिहामा छलफल भएको थियो । अब नेपाल प्रवेश गर्दा नागरिकता, भारतीय आधार कार्ड, चालक अनुमतिपत्र लगायत शैक्षिक परिचयपत्र हुनुपर्ने व्यवस्था गरिएको सशस्त्र प्रहरी उपरीक्षक रावतले बताए । उनले सीमा क्षेत्रमा परिचयपत्र हेरेर आउजाउ गर्न आफ्ना मातहातका सुरक्षा निकायलाई निर्देशन दिएका छन् ।

### बाँकेको जमुनाह नाकामा उच्च सतर्कता

बाँके । भारत हुँदै अफगानी नागरिक नेपाल भित्रिन सक्ने खतरालाई मध्यनजर गरी नेपालगञ्जस्थित जमुनाह नाकामा उच्च सतर्कता अपनाइएको छ । नेपालगञ्ज नाकाबाट अफगानी नागरिकलगायत कुनै पनि संदिग्ध व्यक्तिलाई भित्रिन नदिन सुरक्षाकर्मीलाई कडाइका साथ निगरानी गर्न निर्देशन दिइएको बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्य खत्रीले जानकारी दिए । उनका अनुसार भारतीय आधार कार्ड देखाएर अफगानी नेपाल प्रवेश गर्न सक्ने खतरा रहेकाले आधार कार्डलाई मात्र प्रमाण मानेर नेपाल प्रवेश गर्न नदिन निर्देशन दिइएको छ । मुख्य नाकासँगै सहायक नाकामा पनि कडाइ गरिएको छ । नेपाल प्रवेशका लागि नेपालगञ्जस्थित जमुनाहलाई सहज नाकाका रुपमा लिइने भएकाले यो नाकाबाट कुनै पनि हालतमा अफगानीलाई छिर्न नदिनतर्फ उच्च सतर्कता अपनाइएको प्रजिअ खत्रीको भनाइ छ । नेपाल-भारत सीमा नाका खुला भएकाले ग्रामीण ठाउँमा पनि निगरानी गर्न सुरक्षाकर्मीलाई निर्देशन दिइएको उनले बताए । जिल्ला प्रशासन कार्यालय बाँकेको निर्देशनपछि नेपालगञ्जस्थित जमुनाह नाकामा उच्च सतर्कताका साथ निगरानी गरिएको इलाका प्रहरी कार्यालय जमुनाहका प्रमुख प्रहरी नायब निरीक्षक मीनबहादुर विष्टले बताए । भारतबाट नेपाल प्रवेश गर्ने भारतीय गाडीमा समेत निगरानी बढाइएको बताउँदै विष्टले टाढाबाट आएकालाई विशेष ख्याल गर्दै नजिकैबाट आएकालाई पनि सोधपुछ गरी कागजातका आधारमा नेपाल प्रवेश गर्न दिइएको जानकारी दिए ।

### ओली पाटीका कारण मुलक ध्वस्त भयो : चौधरी

भैरहवा । संघीय सांसद तथा एकिकृत समाजवादी पाटी लुम्बिनी प्रदेशका संयोजक मेटमणी चौधरीले ओली पाटीका कारण मुलुक पछाडि परेको बताएका छन् । आज भैरहवामा लुम्बिनी प्रेस क्लबसँगको पत्रकार भेटघाटमा चौधरीले ओली पाटीले कम्युनिष्ट आन्दोलनलाई समाप्त पार्न तर्फ लागेको भन्दै ओली बाहेकका देशभर रहेका कम्युनिष्टहरुको साझा विचार रहेकोले ओलीको दम्भलाई शुन्यमा झार्न संगठिन हुनु पर्ने बताएका छन् । उनले भने "डुब्न थालेको कम्युष्टि आन्दोलनलाई उत्साहित पार्न एकिकृत समाजवादी जन्मिएको हो, २०१५ साल देखि २०७४ सम्म विभिन्न निर्वाचनमा कम्युष्टिले नेतृत्व गर्दै आएको तर क्षमतावृद्धि गर्न नसकेकोले समाजवादी खडा भएको छ । नेपालमा दुईतिहाइको बहुमत हुँदा हुँदै पनि कम्युनिष्ट पाटीमा ओलीवाद हाबी भएका कारण सरकार परिवर्तन गर्नु पर्‍यो । अहिले जसरी सरकारबाट ओली पाटीलाई नाङ्गिने बनाइयो त्यस्तै गरी आगामी निर्वाचनमा पनि ओलीपाटीलाई मुलुकबाट नै शुन्य सांसद बनाउनेछौं । अहिले घनश्याम भुसाल बाटो बिराएर ओली पाटीतिर लाग्नु भयो, ओली पाटीको निर्वाचन नहुँदै उहाँ एकिकृत समाजवादीमा आउने तयारीमा हुनुहुन्छ । भूसाल मात्रै होइन ओलीले अहिले १० भाइ भन्दै बाहिर लखेट्ने काम गरेकोले १० भाइ नै समाजवादी पार्टीमा प्रवेश गर्ने आन्तरिक तयारी भइरहेको छ ।"

# प्रदेश सरकारले विभिन्न क्षेत्रमा बजेट विनियोजन गरेको छ : मन्त्री यादव

इमरान खान, कपिलवस्तु । जनता समाजवादी पार्टी नेपालले कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकामा स्वगत, सम्मान तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ ।

जनता समाजवादी पार्टी यशोधरा गाउँपालिकाको अध्यक्ष राम लखन जयसवाल र वडा नं. २ का जसपा वडा कमिटिका अध्यक्ष उद्धब चौधरीले जसपा नेपाल लुम्बिनी प्रदेश को संसदियदलका नेता एवं लुम्बिनि प्रदेशका भौतिक तथा पुर्वाधार विकास मन्त्री सहसराम यादव र लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भुमि व्यवस्था मन्त्री सुमान शर्मा रायमझि लाई टीका माला लगाई स्वागत गरेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै जनता समाजवादी पार्टी नेपाल कपिलवस्तु यशोधार गाउँपालिकाका अध्यक्ष राम लखन जयसवालले बेमोसमी बर्षाले भएको धानको क्षतिको छिटो क्षतिपूर्ति उपालब्ध गराउन र आगमी दिनमा लगाउने गेहु , तोरी तरकारी लगायत बालीनालिको लागि समयमा मलखाद्य उपलब्ध गराउन माग गरेका थिए ।

स्वागत तथा सम्मन कार्यक्रममा यशोधरा गाउँपालिका भित्रका नेपाली कांग्रेस, ,नेपाल कम्युनिस्ट , नेकपा एमले लगायत बिभिन्न पार्टी परित्याग गरि २०० भन्दा बढी जसपा कपिलवस्तुमा प्रवेश गरेका थिए । जसपामा नव प्रवेशीलाई लुम्बिनी प्रदेश नेपालको संसदियदलका नेता एवं लुम्बिनि प्रदेशका भौतिक तथा पुर्वाधार विकास मन्त्री सहसराम यादव र लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भुमि व्यवस्था मन्त्री सुमन शर्मा रायमझिले टीका, माला, दोसल्ला उढाइ प्रबेश गरेका गराएका थिए ।

लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भुमि व्यवस्था मन्त्री सुमन शर्मा रायमझिले बेमौसमी बर्षाले धानबालीमा लुम्बिनीप्रदेशमा सबै भन्दा धेरै क्षति भएको बताउदै कृषिको धेरै भन्द धेरै धानको राहत दिन प्रतिवद्धता व्यक्त गरेकी थिइन् ।

लुम्बिनी प्रदेश कृषकको धानको राहत लिएर छिटै आउने उनले बताइन् । अगामी दिनमा लगाउने गेहँबाली, तोरी, तरकारी बाली लगायतको लागि केन्द्र सरकार संग समयमा मल उपलब्ध गराउन पाहल गरिसकेको कृषि मन्त्री रायमझिले सबै लाई जनकारी दिइन् ।

विकासका लागि समय सपेक्ष परिवर्तन हुन जरुरी रहेको जसपा लुम्बिनी प्रदेश नेपालका संसदीय दलका नेता एवं लुम्बिनी प्रदेशका भौतिक तथा पुर्वाधार विकास मन्त्री सहसराम यादवले बताएएका थिए । उनले कपिलवस्तुको विकासका लागि प्रदेश सरकारले विभिन्न क्षेत्रमा बजेट विनियोजन गरेको पनि दावी गरे ।

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व - २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

रेणुकुमारी यादव
मन्त्री, भौतिक पूर्वाधार तथा यातायात
नेपाल सरकार

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व - २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

महेन्द्र राय यादव
मन्त्री, कृषि तथा पशुपंक्षी विकास
नेपाल सरकार

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व - २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

रामसहाय प्रसाद यादव
मन्त्री, वन तथा वातावरण
नेपाल सरकार

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व - २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

राजेन्द्र प्रसाद श्रेष्ठ
मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन
नेपाल सरकार

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### आगलागी हुँदा दुई करोडको क्षति

रौतहट । जिल्लाको गरुडा नगरपालिका ४ गरुडा बजारस्थित एक पसलमा आगलागी भएको छ । शुक्रबार भएको आगलागि सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय बासिन्दाले दमकलको सहयोगमा नियन्त्रणमा ल्याइएको छ । सोही ठाउँ बस्ने नवल साहले संचालन गरेको हार्डवयर पसलमा विधुतीय तार सर्टभई आगलागि हुँदा करीव २ करोड रुपैयाँ बराबरको हार्डवयरका सामान जलेर नष्ट भएको बताईएको छ । सो घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण रौतहट, सुरक्षा बेश दुधियाभार र सुरक्षा बेश सन्तपुरबाट खटिएको सशस्त्र प्रहरी उक्त आगलागि नियन्त्रणमा सकृयताकासाट जुटेको हो ।

### ८ लाख २० हजार रुपैयाँसहित पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१८ भेडियारीबाट स्रोत नखुलेको नगद ८ लाख २० हजार रुपैयाँ सहित झापा बिर्तामोड नगरपालिका-३ बस्ने ३४ वर्षीय उमेश साहलाई प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेको को.२९ प ८६४० नम्बरको स्कुटरलाई अस्थाई प्रहरी पोष्ट भेडियारीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा स्कुटरको डिकीमा लुकाई ल्याउँदै गरेको उक्त रुपैयाँ फेला पारी उनलाई पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान क्षेत्रीय कार्यालय ईटहरी सुनसरीमा बुझाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### मोटरसाइकल पोलमा ठोक्किँदा युवकको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-९ स्थित बसन्तपुर चोकमा ना.२६ प ६३३५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडक छेउको विद्युत पोलमा ठोकिएर दुर्घटनामा एक युवकको मृत्यु भएको छ । बिहीबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार गरुडा नगरपालिका-५ महमदपुर बस्ने २८ वर्षीय अभय यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको चपुरस्थित एपोलो सिटी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका सोही मोटरसाइकलमा सवार गरुडा नगरपालिका-४ बस्ने २५ वर्षीय नवल कुमार पटेललाई सोही अस्पताल हुँदै थप उपचारका लागि वीरगंजस्थित रोशन अली अस्पताल पठाइएको छ ।

### चितुवाको छाला र हड्डीसहित ३ जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-११ स्थित सागर गेष्ट हाउसको कोठा नम्बर २०५ बाट १ थान चितुवाको छाला र १ किलो ४० ग्राम हड्डी सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ पक्राउ पर्नेहरुमा राप्ती सोनारी गाउँपालिका-९ ढकेरी बस्ने ३५ वर्षीय हिरासिह बिक, सुर्खेत पंचपुरी नगरपालिका-७ बस्ने २४ वर्षीय रमेश वयक र सोही ठाउँ बस्ने २८ वर्षीय बसन्त बिसी रहेका छन् । चितुवाको छाला ओसारपसार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले होटलमा बसेका उनीहरुलाई उक्त छाला र हड्डी सहित फेला पारी पक्राउ गरेको हो ।

### हत्या गरेको अभियोगमा पक्राउ

कैलाली । टिकापुर नगरपालिका-८ कालीमाटी बस्ने १८ वर्षीय अनुप साउदको धारिलो हतियार चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा भजनी नगरपालिका-३ ठेकीपुर बस्ने १९ वर्षीय किरण साउदलाई प्रहरीले पक्राउ गरेको छ । अनुप र किरणबिच सामान्य बिवाद भई झगडा हुँदा किरणले चक्कु प्रहार गर्दा अनुप गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि टिकापुर अस्पताल पठाएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

### जबरजस्ती करणी गर्ने २ जना पक्राउ

पर्सा । १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी उद्योग गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार साँझ पक्राउ पर्नेहरुमा वीरगंज महानगरपालिका-२१ बस्ने २० वर्षीय बिकर ठाकुर हजाम र सोही ठाउँ बस्ने २५ वर्षीय अनिल महतो कोइरी रहेका छन् । ती किशोरी ट्युसन पढ्न जाने क्रममा कात्तिक ९ गते बिहान उनीहरुले बाटो ढुकी जबरजस्ती तानेर फोटो स्टुडियोभित्र लगी जबरजस्ती करणी उद्योग गरेको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । उनीहरु उपर जबरजस्ती करणी उद्योग कसूरमा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### अवैध लागूऔषध ब्राउनसुगरसहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट ३ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ पक्राउ पर्नेहरुमा दाङ तुलसीपुर उपमहानगरपालिका-१ बस्ने २२ वर्षीय प्रकाश बिक र सोही ठाउँ बस्ने २६ वर्षीय समिर बिक रहेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई लागूऔषध नियन्त्रण व्यूरो र ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा जुत्ताभित्र लुकाई राखेको अबस्थामा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टर पल्टिँदा एकको मृत्यु

रुपन्देही । शुद्धोधन गाउँपालिका-५ केवलपुरस्थित सडकमा लु.३ त ४२६० नम्बरको ट्याक्टर अनियन्त्रत भई पल्टिँदा एक बालकको मृत्यु भएको छ । शनिबार बिहान दुर्घटना हुँदा ट्याक्टरमा सवार लुम्बिनी साँस्कृतिक नगरपालिका-७ बस्ने राजेश यादवको छोरा १२ वर्षीय अर्बिन यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा छ ।

### फरार प्रतिवादी पक्राउ

बाँके । रेड पाण्डा ओसार पसार मुद्दाका फरार प्रतिवादी बाँके बैजनाथ गाउँपालिका-६ बस्ने ४२ वर्षीय नर बहादुर वलीलाई आइतबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत बाँकेको २०७७ असोज २ गतेको फैसलाले ५ वर्ष ५ महिना १४ दिन कैद तोकिएकोमा हालसम्म फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### लागूऔषधसहित पक्राउ

कैलाली । लम्कीचुहा नगरपालिका-१ राजीपुरबाट २ ग्राम ३० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने ४३ वर्षीय सुनिल शाहीलाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । उनले लागूऔषध बेच बिखन गरिरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टरको ठक्करबाट युवकको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-१ पौराई पुलस्थित सडकमा प्रदेश २ -०३-००६ प ४०१३ नम्बरको मोटरसाइकललाई ना.६ त ४७३ नम्बरको ट्याक्टरले ठक्कर दिँदा एकको मृत्यु भएको छ । शनिबार साँझ ट्याक्टरले ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका-४ बस्ने २२ वर्षीय सरोज मगरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको वीरगंज नेशनल मेडिल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार रहेका ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### नेपाल-भारतमैत्री बससेवा पुनः सञ्चालित

बाँके । कोरोना महामारीका कारण प्रभावित हुँदै आएको नेपाल-भारतमैत्री बससेवा दुई वर्षपछि पुनः सञ्चालनमा आएको छ । नेपालगञ्जस्थित भेरी यातायात प्रालिले भारतको राजधानी दिल्ली, उत्तर प्रदेशको राजधानी लखनऊ, देहरादुन र हरिद्वारका लागि नेपाल-भारत यात्रुमैत्री बससेवा सञ्चालन गर्दै आएको थियो । कोरोनाको त्रास कम भएसँगै सीमानाकामा दुवै देशबाट सवारी यातायात आवागमन अनुमति भएकाले आइतबारदेखि नेपाल-भारत यात्रुमैत्री बससेवा पुनः सुरु गरिएको भेरी यातायात प्रालिका अध्यक्ष राजेन्द्र गिरीले जानकारी दिए ।

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

शैलेन्द्र प्रसाद साह
मन्त्री, अर्थमन्त्री
प्रदेश नं. २, जनकपुरधाम

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

रामसरोज यादव
मन्त्री, भौतिक पूर्वाधार विकास
प्रदेश नं. २, जनकपुरधाम

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

भरत प्रसाद साह
मन्त्री, आन्तरिक मामिला तथा सञ्चार
प्रदेश नं. २, जनकपुरधाम

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

विजय कुमार यादव
मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी
प्रदेश नं. २, जनकपुरधाम

# कांग्रेसमा पुस्तान्तरणभन्दा रूपान्तरणको आवश्यक्ता : वरिष्ठ नेता पौडेल

जनकपुरधाम । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिले राज्यका सबै अंगहरुमाथि प्रश्नचिन्ह उठेको बताएका छन् । सोमबार नेपाल प्रेस युनियन धनुषाले जनकपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै वरिष्ठ नेता पौडेलले राज्यका सबै अंगहरुमाथि प्रश्नचिन्ह खडा भएको बताएका हुन् । संसद, संवैधानिक निकाय, अदालत र राजनीतिक पार्टीहरु समेतले आफ्नो भूमिका प्रभावकारी रुपमा खेल्न नसकेको उनले टिप्पणी गरे । उनले कांग्रेसलाई जनताको भरोसाको केन्द्र बनाउन तथा प्रजातन्त्रको दरिलो सम्वाहक बनाउन आफू लागेको बताए । 'देशमा पार्टी व्यवस्थित रुपमा चल्नुपर्ने, संवैधानिक निकायहरु व्यवस्थित रुपमा चल्नुपर्ने र अदालत पनि मर्यादामा रहनुपर्छ,' उनले भने । पौडेलले पार्टीको नेतृत्वमा पुस्तान्तरणभन्दा रुपान्तरणको आवश्यक्ता भएको बताए । 'पार्टीमा अहिलेको आवश्यक्ता पुस्तान्तरणभन्दा पनि रुपान्तरणको उनले भने, 'रुपान्तरणका लागि कार्यक्रम, योजना, सोच, विचार, कसले राम्रो ल्याउँछ । र, कसले यो राष्ट्र हाँक्न सक्छ कसले प्रतिपक्षीको सामना गर्न सक्छ त्यस्तो नेतृत्व चाहिएको छ ।' उनले युवा, महिला, मधेशी, पहाडी, जनजातिभन्दा राष्ट्र हाँक्न सक्ने व्यक्तिको आवश्यक्ता भएको बताए । पार्टी सभापति कसैलाई भागबण्डामा बनाउने कुरा नभएको भन्दै पौडेलले कसलाई सभापति बनाए पार्टी अझ बलियो हुन्छ भन्ने कुरा कार्यकर्तामै छाडिदिनुपर्ने बताए ।

अहिले पार्टी नै अस्तव्यस्त रहेको भन्दै उनले अहिले पार्टी व्यवस्थित गर्नकै लागि लडाइ लडिरहेको उल्लेख गरे । 'यो पार्टी व्यवस्थित भएपछि लोकतन्त्र पनि व्यवस्थित हुन्छ' उनले भने, 'अहिलेको लडाइ भनेकै कांग्रेस व्यवस्थित गर्नु हो ।'

पार्टीको महाधिवेसन गर्ने मंसिर २४ देखि २६ सम्मको कार्यतालिका नै अन्तिम भएको भन्दै यो समयमा महाधिवेशन हुने बताए । 'यो नै अन्तिम कार्यतालिका हो । यसमा फेरबदल हुँदैन् । तलमाथि हुन सक्दैन्,' उनले भने ।

# इन्टिग्रिटी आइकोन नेपाल अवार्डबाट पाँच जना राष्ट्रसेवक कर्मचारी सम्मानित

काठमाडौं । इन्टेग्रीटी आइकन नेपाल २०२१ बाट यस वर्षका पाँच जना राष्ट्र सेवक कर्मचारी सम्मानित भएका छन् ।

सम्मानित हुनेमा भेरी अस्पताल, बाँकेकी नर्सिङ अधिकृत **शिला शर्मा,** नवलपुरकी प्रमुख जिल्ला अधिकारी **मनमाया भट्टराई पंगेनी**, मकवानपुरगढी गाउँपालिकाका कृषि अधिकृत **चन्द्रकान्त चौधरी,** भक्तपुर अस्पतालकी मेडिकल सुपेरिटेन्डेण्ट **डा. सुमित्रा गौतम** र भाषा आयोगका उप-सचिव **डा. लोक बहादुर लोप्चन** रहेकाछन् ।

यस वर्ष पनि कोभिड - १९ को जोखिम कायमै रहेकोले सम्मान कार्यक्रम सिमित व्यक्तिको उपस्थितिमा सम्पन्न गरिएको थियो ।

१०० जनाको प्रत्यक्ष सहभागिता रहेको कार्यक्रमको सामाजिक सञ्जालबाट गरिएको प्रत्यक्ष प्रशारण १० हजार भन्दा बढी व्यक्तिले हेरेका थिए ।

पाँच जना आईकन सार्वजनिक भईसकेपछि उनिहरूलाई चिनाउन र यस अभियानमा आम नागरिकलाई सहभागी गराउन सामाजिक सञ्जालहरूबाट विभिन्न अभियानहरू सञ्चालन गर्नुकासाथै जिल्ला स्थीत सञ्जाल पनि परिचालन गरिएको थियो ।

सेवाग्राहीको सुझावको आधारमा पाँचै जनालाई छुट्टाछुट्टै टाईटलबाट अवार्ड गरिएको छ । जस अन्तरगत, शिला शर्मा "दृढ र सहृदयी", मनमाया भट्टराई पंगेनी "प्रेरणादायी र निडर", चन्दकान्त चौधरी "नवप्रवर्तनकारी र दुरदर्शी", डा. सुमित्रा गौतम "कर्मनिष्ठ र रुपान्तरणकारी", र डा. लोक बहादुर लोप्चन "अटल र लगनशिल" टाईटलबाट सम्मानित भएका थिए ।

"ईन्टेग्रिटी आईकन २०२१" बाट सम्मानित हुने पाँचै जनालाई बधाई तथा शुभकामना दिदै कार्यक्रमा अतिथि वक्ता एवं राजनीतिक विश्लेषक हरी शर्माले भन्ने, "आईकन बिम्ब हो, जुन हामीमा जागेर आउनुपर्छ । उसमा निर्णयको स्वायत्तता हुनु पर्दछ । जसमा निर्णयको स्वायत्तता छैन भने त्यो बहिकिन्छ ।"

त्यस्तै अर्का अतिथी वक्ता एवं पूर्व बागमती प्रदेश प्रमुख तथा सिएनएन हिरो अनुराधा कोईरालाले भनिन्, "राम्रो काम गर्ने मान्छे बिचलित नभएर सेवालाई निरन्तरता दिने हो भने, उ अरुको लागि पनि उदाहरण बन्न सक्छ ।"

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतले २०७० सम्म 'नेट जिरो' लक्ष्य हासिल गर्ने



नयाँ दिल्ली। भारतीय प्रधानमन्त्री नरेन्दे मोदीले भारतले सन् २०७० सम्म नेट जिरो लक्ष्य हासिल गर्ने बताएका छन्। स्कटल्यान्डको ग्लासगोमा भएको जलवायु परिवर्ननसम्बन्धी शिखर सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०७० सम्म भारतले नेट जिरो लक्ष्य हासिल गर्ने बताएका हुन्।

यसअघि नेट जिरोको विषयलाई सम्भव नदेखेको भए पनि प्रधानमन्त्री मोदीले नेट जिरो लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेको भन्दै भारतीय वातावरणविद्हरुले खुसी व्यक्त गरेका छन्। उनीहरुले भारतले पहिलो पटक नेट जिरोको कुरा गरेको भन्दै खुसी व्यक्त गरेका हुन्। प्रधानमन्त्री मोदीले भारतसँग यस चुनौतीको सामना गर्नका लागि पाँच अमृत तत्व राख्न चाहेको बताएका छन्।उनले पहिलो सन् २०३० सम्म जीवाश्मरहित उर्जा क्षमता बढाएर ५०० मेगावाट पुर्याउने, दोस्रो सन् २०३० सम्म ५० प्रतिशत उर्जा आवश्यकता नवीकरणीय उर्जा स्रोतबाट पूरा गर्ने, तेस्रो सन् २०३० सम्म कूल प्रोजेक्टेड कार्बन उत्सर्जन एक अरब टन कम गर्ने, चौथो सन् २०३० सम्म भारतले आफ्नो अर्थव्यवस्थालाई कार्बन इन्टेनसिटीको ४५ प्रतिशतभन्दा कम गर्ने र पाँचौं २०७० सम्म भारतले नेट जिरो लक्ष्य हासिल गर्ने बताएका छन्। विश्वको तेस्रो ठूलो कार्बन उत्सर्जन गर्ने मुलुक भारतले गरेको उक्त प्रतिबद्धतालाई ठूलो उपलब्धीको रुपमा हेरिएको छ।

# चीनमा मुस्लिम र अल्पसंख्यकको कलेजो करोडौंमा बिक्री

काठमाडौं। चीनको सिन्जियाङ प्रान्तमा मुस्लिम र अन्य धार्मिक अल्पसंख्यकका अंगप्रत्याङ्ग बिक्रि वितरण हुने गरेको खुलेको छ। चीनमा अल्पसंख्यक मुस्लिम समुदाय र अन्य धार्मिक अल्पसंख्यकका अंग प्रत्यारोपणका लागि कालो बजारीमा बिक्रि वितरण भइरहेको खुलेको हो।

उनीहरुको अंग प्रत्यारोपणका लागि कालो बजारीमा लाखौं डलरमा बिक्रि वितरण भइरहेको विभिन्न रिपोर्टले जनाएको छ। अन्तर्राष्ट्रिय समाचार एजेन्सी एनी न्युज र हेराल्ड सनमा प्रकाशित रिपोर्टअनुसार चीनको कालोबजारमा अल्पसंख्यक मुस्लिम र धार्मिक समुदायका कलेजोहरु बिक्रि वितरण हुने गरेका छन्। सो समुदायका स्वस्थ्य मानिसको कलेजो करिब १ लाख ६० हजार अमेरिकी डलरमा बिक्रि हुने गरेको र वर्षेनी १ बिलियन अमेरिकी डलरको कलेजो कालोबजारीमा बिक्रि हुने गरेको रिपोर्टमा उल्लेख छ।

चीनको हिरासतमा रहेका विभिन्न चिनियाँ मुस्लिम र धार्मिक अल्पसंख्यकहरुको अंगप्रत्याङ्ग बिक्रि वितरण एवम् तस्करीको यो घटना पहिलो नभएको संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगले जनाएको छ। यसअघि गएको जुन महिनामा आयोगले चीनको हिरासतमा बसेका फालुन गोङ अन्वेषकहरु, उइगुरु, तिब्बतीहरु, मुस्लिम र क्रिष्चियनहरुको विभिन्न अंग तस्करी भएको रिपोर्ट निकालेको थियो। कलेजो मात्र नभई विभिन्न अल्पसंख्यक समुदायका मुटु, किड्नी, कर्निया लगायतका अंग तस्करी हुने गरेको सो रिपोर्टले उल्लेख गरेको थियो। ती अंग तस्कर गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न पदका व्यक्ति संलग्न हुने गरेको रिपोर्टमा उल्लेख छ।

## जिल्ला समाचार

### प्रधानाध्यापकमाथि दुर्व्यवहार

जनकपुरधाम। सिके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताले धनुषाका एक प्रधानाध्यापकलाई दुर्व्यवहार गरेका छन्। धनुषाको सबैला नगरपालिकास्थित फकिर चन्द उच्च माध्यमिक विद्यालय बरकुर्वा, रघुनाथपुरका प्रधानाध्यापकलाई जनमतका कार्यकर्ताहरुले चप्पलले पिटेका हुन्। विभिन्न मागसहित पछिल्लो चार दिनदेखि आन्दोलित विद्यार्थीहरुको माग सुनुवाई नगरेको भन्दै जनमत पार्टीका कार्यकर्ताले शुक्रबार कुटपिट गरेका हुन्। नियमित पठन-पाठन हुनु पर्ने, शिक्षकको व्यवस्थापन हुनु पर्ने, विभिन्न शुल्कको नाममा लिइएको रकमको बील विद्यार्थीहरुले पाउनु पर्ने, कक्षा ११ र १२ का विद्यार्थीहरुले पुस्तक पाउनु पर्ने, विद्यालयका नाममा आएका सामाग्रीहरु विद्यालयमा राख्नु पर्ने, विद्यालय सुधारका लागि सरोकारवालाहरुको बृहत भेला गरी अन्य विषयहरुमा निर्णय लिनु पर्ने लगायतका माग गरेका छन्। यस अघि सिके राउतका कार्यकर्ताले खानेपानी तथा ढल निकासका हाकिम राजेस्वर कुशवाहालाई कुटपिट तथा दुर्व्यवहार गरेको थियो।

### लागूऔषधसहित तीन जना पक्राउ

पर्सा। जिल्लाको वीरगंज महानगरपालिका २५ सिर्सिया सीमा ईलाकाबाट सशस्त्र प्रहरीले १ सय २० वटा नाईट्रोभेट ट्याब्लेसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बारा जिल्लाको निजगढ नगरपालिका १३ बस्ने २२ वर्षिय आमस वि.क. र पर्सा जिल्लाको वीरगंज महानगरपालिका १५ भिस्वा बस्ने २४ वर्षिय शेखर कुमार सिहं छन्। भारतबाट ना ५० प ४९०१ नम्बरको स्कुटरमा नेपालपतर्फ आउँदै गरेका उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट ड्राईपोर्टबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा उक्त लागूऔषध फेला पारेका हो। त्यसवेला उक्त स्कुटर समेत बरामद गरिएको छ। पक्राउ परेका दुवै जनालाई बरामद लागूऔषध तथा स्कुटरसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाईएको छ। यसैगरी सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बीरगंजबाट खटिएको सशस्त्र प्रहरीले १३ वटा नाईट्रोभेट ट्याब्लेटसहित बारा जिल्लाको फेटा गाउँपालिका ४ बस्ने १९ वर्षिय गोविन्द कुमार मुखियालाई पक्राउ गरेको छ। पर्सा जिल्लाको बीरगंज महानगरपालिका १६ सीमा ईलाकाबाट नेपालतर्फ आउँदै गरेका निज मुखियालाई ड्यूटिमा खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा उक्त लागूऔषध फेला परेपछि पक्राउ गरिएको हो। पक्राउ परेका मुखियालाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाईएको छ।

### प्रहरी र जनमतका कार्यकर्ताबीच झडप

रौतहट। रौतहटको सदरमुकाम गौरमा प्रहरी र जनमत पार्टीका कार्यकर्ताबीच झडप भएको छ। झडपमा परेर आधा दर्जन जनमत पार्टीका कार्यकर्ता घाइते भएका छन। पूर्व निर्धारित कार्यक्रम अनुसार जनमत पार्टीका जिल्ला अध्यक्ष ललित मल्लिक सानुको नेतृत्वमा गएका कार्यकर्ताले गौर स्थित बिपी चौकमा मसाल जुलुस प्रदर्शन गर्न खोज्दा प्रहरीसँग झडप भएको थियो। शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा आधा दर्जन कार्यकर्ता घाइते भएको अध्यक्ष सानुले बताए। उता जिल्ला प्रहरी प्रवक्ता डिएसपी नारायण प्रसाद चिमोरियाले नारा जुलुस लगाउँदै आएका जनमतका कार्यकर्ताले बिपी चौकमा पुगेर अराजक गतिविधि गर्न खोजेपछि सामान्य बल प्रयोग गरेको बताए। झडपमा केही प्रदर्शनकारीका साथै केही प्रहरी समेत घाइते भएको उनको भनाइ छ।

# तिलावे पुलमा राजनीतिक घुस्यो, विकास विरोधी रणनीतिको नालीबेली

वीरगंज। वीरगञ्ज-ठोरी हुलाकी मार्गअन्तर्गत तिलावेपुल निर्माणमा ढिलाई भएको छ। २०७६/८/२ मा सहमति पछि लुम्बिनी बिल्डर्सले नै पुल निर्माणको काम गर्दै आएको छ। लुम्बिनी बिल्डर्स, नव कान्तिपुर कम्पनी र हुलाकी राजमार्ग आयोजनाबीच त्रिपक्षीय छलफलबाट यस्तो सहमति बनेको हो।

लुम्बिनीले तिलावे पुलको काम २०७८ चैत सम्म सम्पन गर्नेनरि २०७६/८/२ मा सहमति भएको हुलाकी राजमार्ग आयोजनाले बताएको छ। तिलावे पुलको निर्माणका लागि २०७३ असारमा सम्झौता भएको थियो।

आयोजनाले म्याद थपका लागि पटकपटक सिफारिस गरे पनि राजनीतिक दबाबका कारण म्याद नथपिँदा निर्माणको काम अवरुद्ध हुँदै आएको थियो। हुलाकीका प्रोजेक्ट मेनेजरले म्याद थपका लागि सिफारिस गरेका थिए।

३६ महिनामा पुलनिर्माण गरिसक्ने सम्झौता भएकोमा सडक विभागले नक्सा स्वीकृति गरि २८ महीना पश्चात निर्माण व्यवसायीलाई उपलब्ध गराएको थियो।

राजनीतिक दबाबमा आयोजनाले निर्माण व्यवसायीलाई काम गरे वापतको १ करोड रुपैया भुक्तानीसमेत रोकिएको छ।

म्याद थप र भुक्तानी रोकेर निर्माण व्यवसायीलाई आर्थिक समस्यामा पार्दा पुलको काम रोकिने र त्यसको राजनीतिक फाइदा उठाउन पाइने मानसिकताबाट जिल्लाको विकासमा अवरोध भइरहेको छ।

पुलको स्लाब हाल्न सुरु गरिएको भए पनि लकडाउन तथा बार्षायामका कारण निर्माणमा समस्या आएको भन्दै निर्माण कम्पनीले काम रोक्दा पुल निर्माणको काम अघि बढ्न सकेको छैन। पुलको बेसमेन्टको काम हुँदा पहिले सञ्चालनमा रहेको पुलबाट आवतजावत रोकेर डाइभर्सनको व्यवस्था मिलाइएको थियो।

किन दिइयो लुम्बिनीलाई ?

राजनीतिक स्वार्थका कारण वीरगञ्ज-ठोरी हुलाकी मार्गअन्तर्गत निर्माणाधीन तिलावे पुलकोकाममा विभिन्न अवरोध भएपछि जसरी पनि पुलको निर्माण सक्ने उद्देश्यले यस्तो सहमति बनेको हो। राजनीतिक चक्रब्युहमा परेकोपुलको निर्माण कार्य ७० प्रतिशत काम सम्पन्न भएको छ।





शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।

नवलकिशोर साह
मन्त्री, सामाजिक विकास
प्रदेश नं. २, जनकपुरधाम

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।

रामनरेश राय
मन्त्री, उद्योग, पर्यटन तथा वन
प्रदेश नं. २, जनकपुरधाम

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।

रामनरेश राय
मन्त्री, खानेपानी तथा ऊर्जा
प्रदेश नं. २, जनकपुरधाम

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।

जयराम यादव
मन्त्री, सामाजिक विकास
प्रदेश नं. १, विराटनगर

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।

योगेन्द्र राय यादव
मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी
प्रदेश नं. २, जनकपुरधाम

# साताव्यापी आरोग्य सप्ताह सुरु

काडमाडौं । आयुर्वेद दिवसको अवसरमा काठमाडौंमा आरोग्य सप्ताहको आयोजना गरिएको छ । आयुर्वेद दिवस (धन्वंतरी जयन्ती) नेपालमा राष्ट्रिय आरोग्य दिवसको रूपमा पनि मनाइन्छ ।

स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौंस्थित भारतीय दूतावास र आयुर्वेद क्याम्पसले संयुक्त रुपमा

सोमबार सप्ताहव्यापी आरोग्य सप्ताहको आयोजना गरेको हो ।

त्यस अवसरमा 'आरोग्यको लागि आयुर्वेद-सम्भावना र चुनौती' शीर्षकमा अन्तर्राष्ट्रिय वेबिनारको आयोजना गरिएको

छ । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका रेक्टर प्रा डा शिवलाल भुसाल,

चिकित्साशास्त्र अध्ययन संस्थानका सहायक डिन प्रा डा प्रदीप वैद्य, आयुर्वेद क्याम्पसका क्याम्पस प्रमुख डा शिव मंगल प्रसादलगायत अन्य



शिक्षाविद्हरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा भारतीय दूतावासका प्रेस, सूचना तथा संस्कृति प्रभागका प्रथम सचिव नवीन कुमारको पनि उपस्थिति थियो । उनले विशेषगरी कोभिड-१९ महामारीको समयमा आयुर्वेदको उपयोगिताबारे प्रकाश पारेका थिए । वेबिनारमा भारत, नेपाल र अन्य देशका करिब २०० जना विज्ञ र विद्यार्थीको सहभागीता थियो ।

अष्टांगम आयुर्वेद चिकित्सालयम र विद्यापीठम, केरला, भारतका प्रधानाध्यापक र प्रमुख चिकित्सक प्रा डा अलाथियुर नारायणन नाम्बी र इन्स्टिच्युट अफ इन्डिजिनस मेडिसिन, कोलम्बो विश्वविद्यालय, श्रीलंकाका डा एस.एम.एस समाराकुनले मुख्य वक्ताको रूपमा आफ्ना विचार प्रस्तुत गरेका थिए ।

यो कार्यक्रम भारतको स्वतन्त्रताको ७५ वर्षको उपलक्ष्यमा वर्षभरी मनाउन गइरहेको आजादीको अमृत महोत्सवको एक हिस्साको रूपमा आयोजना गरिएको थियो ।

# हिन्दी फिल्म 'उचाइ'को छायांकन नेपालमा सकियो

काठमाडौं । हिन्दी फिल्म 'उचाइ'को छायाङ्कन सकिएको छ । नेपालमा २५ दिनको छायाङ्कन सकेर बलिउड फिल्म 'उचाई'ले नेपालको छायाङकन तालिका सकाएको छ । दुई दिन काठमाडौं र बाँकी समय हिमाली जिल्लामा छायाङ्कन भएको फिल्मले २८ अक्टोबरमा नेपाल सेड्युल पूरा गरेको हो । सोलुखुम्बुको नाम्चेदेखि मनाङका विभिन्न ठाउँमा छायाङ्कन गरिएको चलचित्रको शुक्रबार पहिलो तालिकाअन्तर्गतको छायाङ्कन सकिएको छ । दोस्रो तालिका अनुसार अब भारतका विभिन्न स्थानमा सुटिङ हुने राजश्री प्रोडक्सनले जनाएको छ ।

उक्त प्रोडक्सनले निर्माण गरेको चलचित्रको छायाङ्कन नेपालमा ४ अक्टोबरबाट सुरु भएको थियो । काठमाडौंमा ह्यात होटल र एयरपोर्टमा केही दृश्य खिचेर टोली नाम्चे लागेको थियो । सुरज वाडजात्याद्वारा निर्देशित चलचित्रमा अनुपम खेर, वमन इरानी, निना गुप्ता, सारिका हसन, परिणिती चोपडालगायत कलाकारले नेपाल आएर छायाङ्कन गरिएको थियो । चलचित्रमा अमिताभ बच्चन भए तापनि स्वास्थ्यका कारण उनी नेपाल आउन नसकेपछि उनको बडी डबललाई राखेर छायाङ्कन गरिएको थियो । चलचित्रका निर्माण टोलीका केही सदस्य अहिले पनि मनाङमै छन् भने केही काठमाडौं फर्किसकेका छन् । चलचित्रको मुख्य टोली शनिबार एयर इण्डियाको विमानमार्फत भारत फर्किएको छ ।

## आर्थिक समाचार

### ग्लोबल आइएमईद्वारा महानगरीय प्रहरी परिसर ललितपुरलाई १० थान एलइडी टिभी हस्तान्तरण



काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत महानगरीय प्रहरी परिसर ललितपुरको नवनिर्मित स्मार्ट कन्ट्रोल रुमका लागि १० थान ४३ इन्चको एलइडी टेलिभिजन सेट प्रदान गरेको छ । शुक्रबार महानगरीय प्रहरी परिसर ललितपुर, जावलाखेलमा आयोजित एक कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले महानगरीय ट्राफिक प्रहरी परिसरका वरिष्ठ प्रहरी उपरिक्षक किरण बज्राचार्यलाई १० थान टेलिभिजन सेटहरु हस्तान्तरण गरेका हुन् । कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले महानगरीय ट्राफिक प्रहरी परिसरलाई स्मार्ट कन्ट्रोल रुपका लागि टेलिभिजन सेटहरु सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्दै बैंकले उपलब्ध गराएको टेलिभिजन सेटहरुले सेवाग्राहीहरुलाई थप प्रभावकारीरुपमा सेवा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा राखे । यसैगरी महानगरीय ट्राफिक परिसर ललितपुरका वरिष्ठ प्रहरी उपरिक्षक बज्राचार्यले बैंकको तर्फबाट प्राप्त यो सहयोगले महानगरीय प्रहरी परिसरलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यसका निम्ति बैंकलाई धन्यवाद ज्ञापन गरे । ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाकाल देखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरुमा सहयोग गर्दै आएको छ ।

# इपानले भन्यो : नेपालको विजुली भारतमा बिक्री गर्न पाउनु स्वागतयोग्य

काठमाडौं । भारतीय बजारमा प्रतिस्पर्धी दरमा पहिलो पटक नेपालको विद्युत बिक्रीको अनुमति पाएकोप्रति स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)ले खुसी व्यक्त गरेको छ । नेपालको जलविद्युत भारतीय ऊर्जा एक्सचेन्जमा बिक्री गर्न पाउनु स्वागतयोग्य भएको इपानले जनाएको छ । इपानले बुधबार गरेका पत्रकार सम्मेलनमा अध्यक्ष कृष्णप्रसाद आचार्यले नेपालको जलविद्युत क्षेत्रलाई व्यवस्थित र मर्यादित तरिकाले विकास र विस्तार गरी बढी जलविद्युत उत्पादन गरेर स्वदेश तथा विदेशमा विभिन्न माध्यमबाट बिक्री वितरण गर्न सरकारको ध्यानाकर्षण गराए ।उनले सबैभन्दा पहिले स्वदेशमा उर्जा खपत गर्नुपर्ने वातावरण बनाउनुपर्ने र निर्यात गर्नुपर्ने बताए । अध्यक्ष आचार्यले विद्युत निर्यात गर्ने ढोका खुलेको र अब बंगलादेशसमेत नेपालको विद्युत लैजाने बाटो खुलेको बताए ।


शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

**प्रदीप यादव**
प्रतिनिधिसभा सदस्य
जनता समाजवादी पार्टी, नेपाल

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

**सत्यनारायण मण्डल**
प्रदेशसभा सदस्य, प्रदेश नं. २
नेकपा (एमाले)

शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्व – २०७८ को पावन अवसरमा समस्त नेपालीजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

**शिवकुमार मण्डल**
केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य
नेकपा (माओवादी केन्द्र)

चाडपर्वमा हाम्रा सांस्कृतिक पहिचान, मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**





**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं